प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ४१ | काठमाडौं | आइतबार, २० जेठ २०८१ | Prabhab National Daily | Sunday, June 2, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



हावाहुरीको बितण्डा बाँकेको कोहलपुर–नेपालगञ्ज सडक खण्डमा पर्ने हाई स्कुल नजिकै शनिबार साँझ आएको हावाहुरीले ढलेको सडक छेउको बिजुलीको पोल । सडकमा ढलेको बिजुलीको पोलले मानवीय क्षति नभएको इलाका प्रहरी कार्यालय कोहलपुरका निमित्त कार्यालय प्रमुख प्रहरी निरीक्षक देवराज भट्टराईले जानकारी दिए । *तस्बिरः रासस*

देशभर तापक्रम घट्यो

ठाउँठाउँमा वर्षा भएकाले अधिकतम तापक्रममा गिरावट आएको जल तथा मौसम विज्ञान विभागको भनाइ

काठमाडौं– नेपालगञ्जमा यही जेठ १७ गते वर्षकै सबैभन्दा धेरै ४४.२ डिग्री सेल्सियस तापक्रम भयो । त्यसपछि धनगढीमा ४४.१ डिग्री मापन भएको तापक्रम त्यसको दुई दिनपछि शनिबार देशभरकै तापक्रम घटेको छ ।

ठाउँठाउँमा वर्षा भएकाले अधिकतम तापक्रममा गिरावट आएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागले शनिबार साँझ ६ बजे अद्यावधिक गरेको तापक्रमको विवरणअनुसार ‘रेकर्ड ब्रेक’ गरेको नेपालगञ्जको तापक्रम शनिबार ४१.४ डिग्रीमा झरेको छ । यस्तै धनगढीमा ४०.७ डिग्री कायम भएको छ ।

यसअघि पोखरामा ३४ र काठमाडौंमा ३४.४ डिग्री तापक्रम मापन भएकामा शनिबार झरेर पोखरामा अधिकतम तापक्रम ३१.५ र काठमाडौंमा ३२ डिग्री कायम भएको छ । जेठ १७ गते बिहीबार विराटनगरमा ४१ डिग्री रहेकोमा शनिबार त्यहाँ ३४ डिग्रीमा झरेको तथा दाङको घोराहीमा ४०.२ डिग्री रहेकामा शनिबार ३५.२ डिग्रीमा झरेको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले सार्वजनिक गरेको देशभरको तापक्रम मापनको विवरणअनुसार शनिबार दीपायलमा ३९.४, वीरेन्द्रनगरमा ३८.१, डडेलधुरामा ३१.४, जुम्लामा २८.९, भैरहवामा ३७.२, सिमरामा ३६.६, ओखलढुंगामा २८, ताप्लेजुङमा २६.८ र धनकुटामा ३०.५ डिग्री अधिकतम तापक्रम मापन भएको छ ।

यस्तै जोमसोममा २२.५, धरानमा ३३.६, लुम्लेमा २५.५, जनकपुरमा ३५.८ र दोलखाको जिरीमा २४.४ डिग्री तापक्रम मापन भएको महाशाखाले जानकारी दिएको छ ।

(**क्रमशः पृष्ठ २ मा**)

मधेस सरकारको नेतृत्वमा आउँदै जनमत

हामी पाँच दलबीच हाम्रै नेतृत्वमा सरकार गठन गर्ने सहमति भइसक्यो । सोहीअनुसार हाम्रो सरकार बन्छ ।

■ **डा. चन्दन सिंह**
महासचिव, जनमत पार्टी

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मधेस प्रदेश
जनकपुरधाम, धनुषा, नेपाल

■ **जेबी योञ्जन**

काठमाडौं– मधेस प्रदेशको सत्ता नेतृत्व वैकल्पिक शक्तिको रूपमा उदाएको दल जनमत पार्टीले गर्ने निश्चित भएको छ । सत्ता गठबन्धनका दलहरू नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीसँगै विपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले पनि समर्थन गर्ने भएपछि जनमतको सत्ता नेतृत्व मधेसमा निश्चित भएको हो ।

मधेसमा सत्ता नेतृत्वका लागि १० पुस २०७९ मा पनि जनमतले दाबी गरेको थियो । तर, त्यसबेला उपेन्द्र यादव नेतृत्वको दल जनता समाजवादी (जसपा)ले पायो । जनमत रुष्ट भयो । यद्यपि, सरकारमा भने सामेल भयो । सत्ता सहयात्री भएकै बेला जसपाका मुख्यमन्त्री सरोजकुमार यादवसँग जनमतबाट मन्त्री भएकाहरूको टकराव भयो । अन्ततः ९ माघ २०८० मा यादवलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरियो । विपक्षी दलको हैसियतमा पुग्यो ।

- एमाले, माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादीको समर्थनमा जनमतले मधेस सत्ताको नेतृत्व गर्दै
- झण्डै सात वर्षदेखिको सत्ता नेतृत्व दल जसपा प्रतिपक्षमा पुग्दै

अब भने सोही दल जनमत मधेसको सत्ता नेतृत्व गर्ने अवस्थामा पुगेको छ । जनमतका महासचिव डा. चन्दन सिंहले केही दिनमै मधेसमा सरकार गठन हुने बताएका छन् । ‘हामी पाँच दलबीच हाम्रै नेतृत्वमा सरकार गठन गर्ने सहमति भइसक्यो । सोहीअनुसार हाम्रो सरकार बन्छ,’ उनले प्रभावसँग भने ।

बिहीबार पाँच दल (एमाले, माओवादी केन्द्र, जनमत, एकीकृत समाजवादी र लोसपा)बीच मधेसमा सरकार जनमतकै नेतृत्वमा गठन गर्ने सहमति भएको छ । त्यसअघि बुधबार भने कांग्रेस सभापति शेरबहादुर देउवानिवास बूढानीलकण्ठमा एकीकृत समाजवादी र लोसपा जसपाकै नेतृत्वको वर्तमान सरकारलाई निरन्तरता दिन सहमत भएका थिए । त्यसको भोलिपल्टै यी दुई दल पूर्ववत् निर्णयबाट पछि हटे । यसलाई कांग्रेसले भने धोका भनेको छ । कांग्रेसले यी दुई दललाई आफ्नो कित्तामा ल्याएर मधेसबाट सत्ता गठबन्धन फुटाउने रणनीति बनाएको थियो । जुन एकदिन टिकेन । यससँगै मधेसमा जसपाको अल्पमतको सरकार ढल्ने भएको छ ।

त्यहाँ जसपाका सरोजकुमार यादव मुख्यमन्त्री छन् । उनलाई दिएको समर्थन माओवादीले गत ३० वैशाखमा फिर्ता लियो । सरकारबाट पनि बाहिरियो । एमाले पनि यही १ जेठमा समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरियो । अशोक राईको नेतृत्वमा गत २३ वैशाखमा जसपा विभाजन भएपछि मधेसमा राजनीतिक उथलपुथल भएको हो ।

(**क्रमशः पृष्ठ २ मा**)

सन्दर्भः वैदेशिक रोजगार

‘रोजगारीको अवसर सिर्जना गर्न सबैले हातेमालो गर्नुपर्छ’

■ **प्रभाव संवाददाता**

काठमाडौं– श्रम, रोजगार तथा समाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले मधेस प्रदेशबाट ठूलो संख्यामा नेपाली युवा वैदेशिक रोजगारीका लागि जाने गरेको बताएका छन् । जनकपुरमा शनिबार दुईदिने श्रमाधान रोजगार मेलाको उद्घाटन गर्दै मन्त्री अर्यालले रोजगारीको क्षेत्रमा व्यापक समस्या रहेको उल्लेख गर्दै बाध्यतावश मधेसबाट ठूलो संख्यामा नेपाली युवा वैदेशिक रोजगारीमा जानुपर्ने अवस्था रहेको बताएका हुन् ।

श्रम मन्त्रालय नेपाली युवाहरूलाई स्वदेशमा नै रोजगारी गर्छु भन्ने अवस्था सिर्जना गराउने अभियानमा लागेको भन्दै मन्त्री अर्यालले धेरैभन्दा धेरै युवाहरूलाई आफ्ना उद्योगमा रोजगारी दिन मधेस प्रदेशका उद्योगीहरूलाई आग्रह गरे । ‘मुलुकबाट ठूलो संख्यामा वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्था छ,’ उनले भने, सरकारले उद्यमशीलता प्रवर्द्धनमार्फत यसको अन्त्य गर्ने लक्ष्य लिएको छ, बिस्तारै स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्न सबैले हातेमालो गर्नुपर्छ ।’

सरकारले सातै प्रदेशमा श्रमाधान रोजगार मेलाको सुरुआत गरेर स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्न सकिने सन्देश दिन खोजिएको मन्त्री अर्यालले बताए । ‘मेलाबाट अहिले नै ठ्याक्कै यति रोजगारी दिन सकिन्छ भन्ने ग्यारेन्टी गर्न नसकिए पनि श्रमिक र रोजगारदाताका समस्या आवश्यकताबारे बुझ्ने र दीर्घकालीनरूपमा श्रम क्षेत्रका समस्या सामधानका लागि महत्त्वपूर्ण भूमिका खेल्ने छ,’ उनले भने ।

मन्त्री अर्यालले सरकारले रोजगार बैंकको अवधारणा अघि सारेको जानकारी दिए । उनले नेपालबाट भारत जाने श्रमिकहरूको तथ्यांक संकलनको काम पनि सरकारले गरिरहेको बताए । स्वदेश तथा वैदेशिक रोजगारसम्बन्धी केही समस्या परे श्रमाधान कल सेन्टरमा गुनासो राख्न सकिने उनको भनाइ छ ।

यसैगरी स्वदेशमा नै रोजगारीको अवसर खोजिरहेका युवाहरूलाई यस मेलाले महत्त्वपूर्ण भूमिका खेल्ने मधेस प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री वेची लुंगेलीले बताइन् । उनले मेलाबाट मधेसका युवाहरूले बढीभन्दा बढी लाभ लिने विश्वास व्यक्त गरिन् । ‘मधेस प्रदेशमा बेरोजगारी समस्या व्यापक छ, यहाँबाट विदेश पलायन हुनेको संख्या धेरै छ, यो मेलाले देशमा नै रोजगारी गर्छु भन्ने युवाहरूलाई ठूलो अवसर दिन्छ भन्ने अपेक्षा छ,’ उनले भनिन् । मेलाबाट धेरै कुराहरू सिक्ने अवसर मिल्ने उनको भनाइ छ ।

त्यस्तै नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले मेलाले श्रमबजारको मागअनुसार श्रमशक्ति उत्पादनमा सहयोग पुग्ने बताए । उनले नेपाली रोजगार क्षेत्रलाई सुरक्षित व्यवस्थित र श्रमिक तथा उद्योगमैत्री बनाउन सरकारले स्पष्ट नीति ल्याउनुपर्ने बताए ।

मधेसमा शनिबारबाट सुरु गरिएको मेला आज सकिने छ । मेलामा श्रम तथा रोजगारसँग सम्बन्धित सरकारी निकाय, रोजगारदाता, म्यानपावर व्यवसायी, विभिन्न सामाजिक संस्थालगायत ३५ भन्दा बढी बुथ (स्टल) राखिएको छ । साथै कामको खोजीमा रहेका युवाहरूलाई लक्षित गर्दै सीपसँग सम्बन्धित तथा रोजगारीमा जोड्ने रोजगार परामर्श स्टल राखिएको छ ।

गण्डकीमा मेलाको तयारी पूरा

गण्डकी प्रदेशमा यही जेठ २१ र २२ गते हुने श्रमाधान रोजगार मेलाको तयारी पूरा भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा पोखराको पोखरा इभेन्ट सेन्टरमा मेला सञ्चालन हुने भएको छ ।

(**क्रमशः पृष्ठ २ मा**)



गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू

- दिउँसो घरबाट बाहिर ननिस्कने
- फलफूलको रस र पानी पिउने र धेरै पसिना आएमा कहिलेकाहीं जीवनजल पिउने
- बाहिर निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने
- चिसो पानीले नुहाउने
- मदिरा सेवन नगर्ने
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने
- क्याफिनले धेरै पिसाब गराउँने हुँदा चिया, कफी, सोडा जस्ता पेयपदार्थ नपिउने
- चिनीको मात्रा बढी भएको झोल पदार्थ बढी नपिउने

जनहितमा जारी सन्देश

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि.
कामपा–७, सिफल, काठमाडौं

वन्यजन्तु बेचबिखनविरूद्धको अन्तर्राष्ट्रिय गोष्ठी सम्पन्न

काठमाडौं (प्रस)– अवैध सिकार तथा वन्यजन्तु बेचबिखनविरुद्धको अन्तर्राष्ट्रिय गोष्ठी शुक्रबार यहाँ सम्पन्न भएको छ । यहाँस्थित फ्रान्सेली राजदूतावास र फ्रान्सेली अन्तर्राष्ट्रिय सुरक्षा सहयोग निर्देशनालय (डिसिआइएस) को आयोजनामा भएको गोष्ठीमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, वन तथा वातावरण मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालयलगायत वन्यजन्तु संरक्षण तथा बेचविखनविद्धको अभियानमा संलग्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।

अस्ट्रेलिया, बंगलादेश, भुटान, कम्बोडिया, भारत, इण्डोनेसिया, माल्दिभ्स, सिंगापुर, श्रीलंका, थाइल्याण्ड, संयुक्त राज्य अमेरिका, फ्रान्सको वातावरणीय र जनस्वास्थ्य अपराध समन्वय केन्द्रीय कार्यालय र फ्रान्सेली भन्सारका प्रतिनिधिको उपस्थितिमा भएको गोष्ठीमा यहाँस्थित फ्रान्सको दूतावासका कार्यवाहक राजदूत लीला देवरादजालोले गोष्ठीको औचित्यबारे चर्चा गर्दै यसमा १३ देशको सहभागिताले यसको आवश्यकता र महत्त्वलाई दर्शाएको बताए । उनले वन्यजन्तुमाथिको आक्रमण भयावह हुने चेतावनी दिएको दूतावासले शनिबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

नेपाली सेनाको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण निर्देशनालयका प्रमुख सञ्जय देउजाले राष्ट्रिय निकुञ्जमा सिकारी नियन्त्रणमा नेपाली सेनाको प्रयासबारे जानकारी दिए । 'नेपाली सेना हाम्रो राष्ट्रको समृद्ध जैविक विविधता र प्राकृतिक सम्पदाको संरक्षणमा आफ्नो प्रतिबद्धतामा अडिग छ । हाम्रा समर्पित कर्मचारीहरू लोपोन्मुख प्रजातिहरूको संरक्षण, सिकार र वन्यजन्तुको अवैध ओसारपसारबाट जोगाउन अथक प्रयास गरिरहेका छन्,' उनले भने ।

दूतावासका प्रहरी सहचारी फाब्रिस कोटेलले वन्यजन्तु संरक्षण तथा अवैध सिकार एवं ओसापसारविरुद्ध दुई वर्षदेखिको अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ गर्नुपर्नेमा जोड दिँदै कार्यशाला समापन गरेका थिए । वन्यजन्तुको चोरी सिकारी तथा वनको वातावरण विनास गर्नेविरुद्ध प्रभावकारी रूपमा लड्न फ्रान्सेली मन्त्रालयका लागि युरोप र विदेश मामिलाको सुरक्षा सहयोग निर्देशनालयले आर्थिक सहयोग गर्दै आएको छ । रासस

धूमपान र सुर्तीजन्य पदार्थको प्रयोगबाट मुखको क्यान्सर बढ्दो

काठमाडौं– नेपालमा धूमपान र सुर्तीजन्य पदार्थको प्रयोगबाट मुखको क्यान्सर बढ्दै गएको बताइएको छ । विश्व धूमपानरहित दिवस २०२४ का अवसरमा शुक्रबार कान्तिपुर डेन्टल कलेज शिक्षण अस्पतालले आयोजना गरेको कार्यक्रममा पछिल्लो समय धूमपान र सुर्तीजन्य पदार्थको अत्यधिक प्रयोगले मुखको क्यान्सर बढ्दै गएको बताइएको हो ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सुर्तीजन्य पदार्थको प्रयोगसम्बन्धी ऐनलाई कार्यान्वयन गर्नका लागि सरकारले काम गरिरहेको बताए । उनले सरकारले बनाएको राष्ट्रिय मुख स्वास्थ्य रणनीतिमा सुर्तीजन्य पदार्थले गर्दा लाग्ने क्यान्सर र त्यसको उपचार पद्दतिबारे समावेश गरिएको उल्लेख गरे । नेपाल अर्बुद रोग निवारण संस्थाका सदस्य डा. प्रदीप वैद्यले युवा जगतमा सुर्तीजन्य पदार्थको प्रयोग बढ्दै गएको भन्दै यसलाई नियन्त्रणका लागि प्रयोगकर्ता आफैं सचेत हुनुपर्ने बताए । चिकित्सा शास्त्र अध्ययन संस्थान (आइओएम)का अनुसन्धान प्रमुख डा. प्रदीप ज्ञवालीले नेपालमा कति व्यक्तिलाई क्यान्सर लागेको छ भन्ने बारेमा क्यान्सर पञ्जीकरण गर्नु आवश्यक रहेको उल्लेख गरे ।

त्यसैगरी स्वास्थ्य विभाग इपिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक डा. रुद्र मरासिनी, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का वरिष्ठ शोधकर्ता डा. विष्णुप्रसाद मरासिनीलगायतले नेपालमा दाँत तथा मुखसम्बन्धी क्यान्सरको छुट्टै अनुसन्धान आवश्यक रहेको उल्लेख गरे ।

कान्तिपुर डेन्टल कलेज शिक्षण अस्पतालका कार्यकारी निर्देशक डा. बुद्धिमान श्रेष्ठले सुर्तीजन्य पदार्थको प्रयोगबाट मुखमा हुने क्यान्सरका बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको बताए । उनले मुखमा हुने क्यान्सरलाई कम गर्न अस्पतालले देशका विभिन्न दुर्गम क्षेत्रमा स्वास्थ्य सचेतनाका साथै निःशुल्क स्वास्थ्यजाँच गरिरहेको जानकारी दिए ।

कलेजका प्राचार्य प्रा.डा. रवीन्द्रमान श्रेष्ठ, ओरल मेडिसिन विभागका प्रमुख प्रा.डा. सिद्धार्थ गुप्ता, दन्त जनस्वास्थ्य विभाग प्रमुख डा. सुजिता श्रेष्ठलगायतले नेपालमा सुर्तीजन्य पदार्थको सेवनबाट वार्षिक धेरै मानिसको ज्यान जाने गरेकाले यसलाई रोक्न सरकारले विशेष योजना अगाडि सार्नुपर्ने बताए ।

पछिल्लो समय सुर्तीजन्य पदार्थको प्रयोगका नाममा विद्युतीय चुरोट, हुक्कालगायत पदार्थ सेवन गर्नेको संख्यासमेत बढ्दै गएको छ । सुर्तीजन्य पदार्थको प्रयोगसँगै मानिसमा हृदयघात, क्यान्सर, फोक्सो, श्वासप्रश्वास, मस्तिष्कघातलगायत रोग हुने गरेका छन् । नेपालमा १५ देखि ५९ वर्ष उमेर समूहका २८.९ प्रतिशतले सुर्तीजन्य पदार्थको प्रयोग गर्ने गरेको तथ्यांक छ । त्यसअवसरमा कलेजका विद्यार्थीले धूमपानबाट हुने मुखको क्यान्सरसम्बन्धी नाटक प्रदर्शन गरेका थिए ।

'सुर्तीजन्य पदार्थ रोकथाम केन्द्र' स्थापना

विश्व धूमपानरहित दिवसका अवसरमा शुक्रबार नै कान्तिपुर डेन्टल कलेज शिक्षण अस्पताल तथा अनुसन्धान केन्द्रमा 'सुर्तीजन्य पदार्थ रोकथाम केन्द्र' स्थापना गरिएको छ । 'सुर्तीजन्य पदार्थको लतमा लागेका व्यक्तिलाई बानीबाट छुटाउने उद्देश्यले केन्द्र स्थापना गरिएको अस्पतालकी निर्देशक डा. प्रतीक्षा श्रेष्ठले जानकारी दिइन् ।

केन्द्रले सुर्तीजन्य पदार्थ प्रयोगकर्तालाई परामर्श प्रदान, रोकथामका उपाय, निकोटिन पदार्थको वैकल्पिक उपाय सुझाउने र विभिन्न सरोकार भएका निकायसँगको सहकार्यमा विद्यालय तथा समुदायमा सुर्तीजन्य पदार्थको प्रयोग र यसका नकारात्मक प्रभावबारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

मधेस सरकारको ...

यसले गर्दा अब यही २३ जेठसम्ममा विश्वासको मत लिनुपर्ने बाध्यतामा मुख्यमन्त्री यादव छन् । तर, उनले विश्वासको मत पाउने सम्भावना अत्यन्तै न्यून छ । जसपा प्रवक्ता मनिष सुमनले भने विश्वासको मत पाएर मधेसमा जसपाकै सरकारले निरन्तरता पाउने दाबी गरे ।

'मधेसमा दलहरूबीच सहमति गरेर हाम्रै नेतृत्वको सरकारलाई निरन्तरता दिन्छौं । मलाई लाग्छ जसपाको सरकारलाई निरन्तरता दिँदा राजनीतिक स्थिरता कायम रहन्छ,' जसपा प्रवक्ता मनिष सुमनले भने, 'त्यही भएर विश्वासको मत हाम्रो मुख्यमन्त्रीले पाउनुहुन्छ । सरकार टिक्छ ।' सुमनले भनेअनुसार मुख्यमन्त्री यादवले विश्वासको मत पाउने छाँट देखिँदैन । उनले यही २३ जेठमा विश्वासको मत लिने तयारी गरेका छन् । १०७ सदस्यीय प्रदेशसभामा सरकार जोगाउन कम्तीमा ५४ मत आवश्यक हुन्छ । सत्ता नेतृत्व दल जसपा नेपालसँग १९ सांसद छन् । विभाजित जसपाको पक्षमा सांसदहरू खुलिसकेका छैनन् ।

सबैभन्दा बढी सांसद भने एमालेको २५ जना छन् । कांग्रेसका २२ जना, जनमतको १३ जना, माओवादी र लोसपाको समान नौ/नौ जना, एकीकृत समाजवादीको सात जना, नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राप्रपाको समान एक/एक जना सांसद छन् । यसले गर्दा एमाले, माओवादी, जनमत, लोसपा र एकीकृत समाजवादीको सरकार मधेसमा बन्ने स्पष्ट बहुमत देखिएको छ । यी पाँच दलको सांसद संख्या ६३ पुग्छ । जबकि सरकार गठन गर्न झिनो बहुमत ५४ सांसदको हो । आवश्यकभन्दा बढी बहुमत यी पाँच दलको देखिएको छ ।

मधेसमा अघिल्लो संसद्को पूरै कार्यकाल भने जसपाले सरकारको नेतृत्व लिएको थियो । वर्तमान संसद्मा पनि हालसम्म जसपाकै नेतृत्वमा सरकार छ । तर, अब भने जनमतको काँधमा मधेसको सत्ता नेतृत्व पुग्ने भएको हो । जनमत महासचिव सिंहका अनुसार मधेससहित राष्ट्रिय राजनीतिमा भएको उथलपुथलको कारक जसपा अध्यक्ष उपेन्द्रलाई ठान्छन् ।

उनले भने, 'सरकारमा रहेर सरकार ढाल्न वैकल्पिक गठबन्धनको खेलमा उपेन्द्र यादव लागेका होइनन् र ? सरकारमा बसेर त्यस्तो अराजनीतिक खेल खेल्न मिल्छ ? त्यसले गर्दा अहिले जे भयो र हुँदै छ, त्यसको कारक उपेन्द्र हो ।'

मधेसमा जसपा र जनमतबीच लामो समयदेखि शक्ति संघर्ष जारी छ । ४ मंसिर २०७९ मा भएको चुनावमासमेत जसपाको आधार इलाकामा जनमतको प्रभाव देखिएको थियो । चुनावमा जसपाविरोधी अभियान जनमतले चलाएको थियो । सोही दलले अब जसपालाई मधेसको सत्ताबाट विस्थापन गर्ने भएको हो ।

■ ■ ■

देशभर तापक्रम ...

शनिबार नेपालमा स्थानीय वायु, पश्चिमी वायुको आंशिक प्रभावसँगै भारतको पश्चिम उत्तरप्रदेशदेखि पश्चिम बंगलादेशसम्म फैलिएको न्यून चापीय क्षेत्रको पनि आंशिक प्रभाव परेको थियो । शनिबार साँझ कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशको पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहेको विभागले उल्लेख गरेको थियो । *रासस*

रोजगारीको अवसर...

मेलाबारे जानकारी दिन श्रम तथा रोजगार कार्यालय पोखरामा आयोजित पत्रकार सम्मेलनमा श्रम मन्त्रालयकी उपसचिव शारदा भण्डारीले मेलाको तयारी अन्तिम चरणमा पुगेको बताइन् । उनका अनुसार मेलाको संयोजन होटल संघ नेपाल (हान)ले गरेको बताइएको छ भने सहआयोजकमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघलगायतका सरोकारवाला संस्थाहरू रहेका छन् ।

आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु, वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनु, श्रम र रोजगारको क्षेत्रमा रहेका बहुआयामिक समस्याहरूलाई एकद्वार प्रणालीबाट सम्बोधन गर्दै लैजानु मेलाको उद्देश्य रहेको भण्डारीले जानकारी दिइन् । श्रमाधान रोजगारको संयोजकसमेत रहेकी उनले मेलाले बाध्यात्मक वैदेशिक रोजगारी कम गर्न सहयोग पुग्ने बताइन् । प्रदेशभित्रका ठूला सम्भावित रोजगारदाताको पहिचान गरेर सरकारी तर्फबाट ८ देखि १० वटा र निजी क्षेत्रका २० देखि २५ वटा स्टल हुने भण्डारीले जवानकारी दिइन् ।

मास्टर डिग्रीको सर्टिफिकेट हरायो

मिति २०८०/१२/१६ गते रत्नपार्क देखि कीर्तिपुर सम्म जाँदा मेरो निम्न रजिष्ट्रेशन नं. भएको सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी वा निम्न ठेगानामा खबर गरी दिनुहोला ।

नाम : नेत्र प्रसाद तिमसिना
ठेगानाः ललितपुर २८ हरिसिद्धि
फोन नं. ९८४१४००३८८
त्रि.वि. रजिष्ट्रेशन नं. :
७-१-९९९-७६५-२००३

माइग्रेसन हराएको सूचना

मितिः २०७९/०८/१२ गते नयाँ बानेश्वरदेखि जडिबुट्टीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : कृष्ण टमट्टा
रजिस्ट्रेसन.नं.: ७७२७२७१३१
सिम्बोल.नं.: २२७०६८८१
ठेगाना.: पचाल झरना-८, कालीकोट
सम्पर्क: ९७४१८३६१००

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KARAM AL KHALEEJ FACTORY FOR CEMENT PRODUCTS
पूर्व स्वीकृति मिति २०८०/०२/१९ LT. No. 305627 चलानी नं. ६०२२०३६७

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	HEAVY TRUCK DRIVER	2	0	1800	६४,०४२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : KARAM AL KHALEEJ FACTORY FOR CEMENT PRODUCTS
पूर्व स्वीकृति मिति २०८०/०२/१९ LT. No. 305628 चलानी नं. ६०२२०३६६

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	HEAVY TRUCK DRIVER	1	0	1800	६४,०४२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Concrete Worker	2	0	1000	३५५७९							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १३ गते (26th May 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROVE INTERNATIONAL PVT.LTD.
Tilganga-9, Sambhumarga, Near Airport, Kathmandu, Nepal
T: +977-01-4486922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com
Govt.Lic. No- 1033/071/072

आजको राशिफल

आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

जेठ २० गते २०८१, आइतबार

मेष	पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम ।
वृष	मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ ।
मिथुन	बोलिको माध्यमले काम सम्पन्न हनेुछ ।
कर्कट	शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ ।
सिंह	काम प्रारम्भ गर्न सकिनेछ ।
कन्या	मिहिनेतले आटेको काम सम्पन्न हुनेछ ।
तुला	मिहिनेतले काम, दाम र इमान हात पर्नसक्ला ।
वृश्चिक	व्यवसायिक काममा फाइदा हुनेछ ।
धनु	रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला ।
मकर	सातामा संघर्ष गरेपनि सफलता पाइएला ।
कुम्भ	बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ ।
मीन	रमाइलो जमघट र खानपानको आनन्द हुनेछ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला पहरी भक्तपुर)	६६१४८२१
आकस्मिक पहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस् अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६/६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	४२५५५४०/४२५५५४१
	६६१२२६६
एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टयाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

जेठ २० गते, २०८१, ०२ जुन, २०२४

मुद्रा	एकाइ	खरिद दर	विक्री दर
भारतीय रुपैयाँ	१०० को	१६०।००	१६०।१५
अमेरिकी डलर	१ को	१३३.०४	१३३.६४
युरो	१ को	१४४.६४	१४५.२९
पाउन्ड स्टिर्लङ	१ को	१६८.९७	१६९.७४
स्विस फ्रैन्क	१ को	१४६.३४	१४७.००
अस्ट्रेलियन डलर	१ को	८९.०४	८९.४५
क्यानाडियन डलर	१ को	९७.७४	९८.१९
सिँगापुर डलर	१ को	९८.८७	९९.३१
जापानी येन	१० को	८.५५	८.५९
चिनियाँ युआन	१ को	१८.४२	१८.५०
साउदी अरब रियाल	१ को	३५.४७	३५.६३
कतारी रियाल	१ को	३६.४९	३६.६६
थाई भाट	१ को	३.६९	३.७०
संयुक्त अरब इमिरेट दिराम	१ को	३६.२२	३६.३८
मलेसियन रिङेट	१ को	२८.३८	२८.५१
दक्षिण कोरियन वन	१०० को	९.८३	९.८८
स्विडिस क्रोनर	१ को	१२.४२	१२.४७
डेनिस क्रोनर	१ को	१९.३८	१९.४७
हङकङ डलर	१ को	१७.०५	१७.१३
कुवेती दिनार	१ को	४३३.१७	४३५.१३
बहराइन दिनार	१ को	३५२.९०	३५४.४९

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

डेढ दशकमा हिमालका मुद्दा, कालापत्थर बैठकदेखि चन्द्रगिरि संवादसम्म

■ भीष्मराज ओभा

काठमाडौं– नेपाललगायत पर्वतीय मुलुकहरूले डेढ दशकअघिदेखि विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा हिमाली क्षेत्रका मुद्दाबारे आवाज उठाउँदै आएका थिए । यसबारेमा धेरै बहस र छलफल भए पनि ठोस निर्णय र परिणाममुखी सुनुवाइ भने हुनसकेको थिएन ।

लामो समयको प्रयासपछि पहिलोपटक गत वर्षको जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२८) ले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले गरेका असरबारे आफ्नो निर्णयमा उल्लेख गरेको थियो । कोप-२८ सम्मेलन संयुक्त अरब इमिरेट्सको दुबईमा गत मंसिर १४ देखि २६ गतेसम्म सम्पन्न भएको थियो ।

हिमाली मुलुक नेपालले खासगरी सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको कोप-१५ देखि नै जलवायु परिवर्तनले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउँदै आएको थियो । जलवायु परिवर्तनका संकटलाई फरक शैलीबाट विश्वको ध्यान आकृष्ट गराउन नेपाल सरकारले २०६६ मंसिर १९ गते सगरमाथा क्षेत्रको कालापत्थरमा मन्त्रिपरिषद् बैठक आयोजना गरी सो सम्बन्धमा विभिन्न निर्णय गरेको थियो ।

कालापत्थर बैठकको केही दिनपछि, सन् २००९ को डिसेम्बरमा डेनमार्कको राजधानी कोपेनहेगनमा विश्व जलवायु सम्मेलन आह्वान गरिएको थियो । कोपेनहेगन बैठकमा नेपालले जलवायु परविर्तनका कारण नेपाल र पर्वतीय देशमा देखिएको संकटबारे विश्वको ध्यानाकर्षण गराइएको थियो । त्यसयताका अधिकांश सम्मेलनमा नेपालले प्राथमिकताका साथ हिमालका मुद्दा उठाउँदै आए पनि यसबारेमा अपेक्षाकृत उपलब्धि भएको थिएन ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले कोप-२८ सम्मेलनको पूर्वसन्ध्यामा गत कात्तिकमा नेपालको चारदिने भ्रमण गरेका थिए । उनले भ्रमणका क्रममा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रको अवलोकन गरे । उनको भ्रमणले नेपाललाई हिमालका मुद्दा उजागर गर्न सहज भएको वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा. बुद्धिसागर पौडेलले बताए ।

कोप-२८ सम्मेलनको उद्घाटन समारोहमा महासचिव गुटेर्रेसले नेपालको नाम लिएर विश्व तापमानमा भएको वृद्धिका कारण हिमाल पग्लिने क्रम तीव्ररूपमा बढेको र यसले पारेका असरबारे उल्लेख गरेका थिए । प्रधानमन्त्री पुष्पकमल दाहालले पनि पछिल्लो समय आफ्ना अन्तर्राष्ट्रिय भ्रमणमा नेपालमा जलवायुले गरेका असरबारे सशक्त रूपमा कुरा उठाउनुका साथै नेपालले यसको उचित क्षतिपूर्ति पाउनुपर्ने तर्क राख्दै आएका थिए ।

प्रधानमन्त्री दाहालले पर्वतीय मुलुकका मुद्दा उजागर गर्नेगरी कोप-२८ सम्मेलनमा उच्चस्तरीय गोलमेच बैठकको आयोजना गरेका थिए । नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघको कार्यक्रममा छुट्टै बैठकको अध्यक्षता गर्दै उच्चस्तरीय बैठक सञ्चालन गरेको पहिलोपटक थियो । उक्त बैठकमा महासचिव गुटेर्रेसले विशेष सम्बोधन गरेका थिए भने एण्डोराका प्रधानमन्त्री, किर्गिज गणतन्त्रका विदेशमन्त्री, भुटानका स्टेट सेक्रेटरीलगायतले विशेष सम्बोधन गरेका थिए । यही पृष्ठभूमिमा कोप-२८ सम्मेलनले पहिलोपटक पर्वतीय क्षेत्रमा जवायु परिवर्तनले पारेका समस्याका बारेमा उल्लेख गरेको थियो ।

कोप-२८ सम्मेलनमा भएको जलवायुसम्बन्धी पहिलो विश्वव्यापी समीक्षा (जिएसटी)मा हिमालको पारिस्थितिकीय प्रणालीमा काम गर्नुपर्छ, यो बढी जोखिमयुक्त छ भनेर उल्लेख गरिएको थियो । साथै संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक र प्राविधिक सल्लाहका लागि सहायक निकाय (साब्टा)को ६०औं बैठकमा पर्वत र जलवायु परिवर्तन विषयमा 'विज्ञ संवाद' आयोजना गर्न निर्देशन दिइएको थियो ।

> कालापत्थर बैठकको केही दिनपछि, सन् २००९ को डिसेम्बरमा डेनमार्कको राजधानी कोपेनहेगनमा विश्व जलवायु सम्मेलन आह्वान गरिएको थियो । कोपेनहेगन बैठकमा नेपालले जलवायु परविर्तनका कारण नेपाल र पर्वतीय देशमा देखिएको संकटबारे विश्वको ध्यानाकर्षण गराइएको थियो । त्यसयताका अधिकांश सम्मेलनमा नेपालले प्राथमिकताका साथ हिमालका मुद्दा उठाउँदै आए पनि यसबारेमा अपेक्षाकृत उपलब्धि भएको थिएन ।

साब्टाको ६०औं सत्रमा हिमालका मुद्दासम्बन्धी 'प्राविधिक संवाद' हुँदै

आगामी जुन ५ तरिखमा जर्मनीको बोनमा हुने साब्टाको ६०औं बैठकमा हिमालका मुद्दासम्बन्धी 'टेक्निलक डाइलग' हुने भएको छ । साब्टा संवादअघि पर्वतीय क्षेत्रको मुद्दामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहललाई थप प्रभावकारी बनाउन नेपाललगायत अन्य पर्वतीय तथा साना टापु राष्ट्रका प्रतिनिधि, विषय विज्ञ, साझेदार संस्थालगायतको सहभागितामा यही जेठ ९ र १० गते काठमाडौंको चन्द्रागिरिमा 'अन्तर्राष्ट्रिय संवाद' आयोजना गरिएको वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. महेश्वर ढकालले बताए ।

उनका अनुसार 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद'मा नेपालसहित २५ पर्वतीय र साना टापु देशका प्रतिनिधि, अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधि गरी २५० भन्दा बढीको सहभागिता रहेको थियो । उक्त संवादको प्रधानमन्त्री दाहालले उद्घाटन गरेका थिए । उद्घाटनपछि तीनवटा प्रमुख विषयगत क्षेत्रमा केन्द्रित रहेर विभिन्न विधाका १० वटा सत्र सञ्चालन गरिएको थियो ।

प्रत्येक सत्रमा मुख्य वक्ता, फरक विषयका प्रस्तुति र समूहगत छलफल भएको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. पौडेलले जानकारी दिए । उनका अनुसार सबै सत्रका दौरान ५० भन्दा बढी अन्तर्राष्ट्रिय वक्ताले भाग लिई आफ्नो विज्ञताका क्षेत्रमा धारणा व्यक्त गरेका थिए । संवादले हिमाली र तल्लो तटीय क्षेत्रको पारिस्थितिकीय प्रणाली जलवायु परिवर्तनको उच्च जोखिममा रहेको निष्कर्ष निकालेको पौडेलले बताए । साथै संवादले यसको समाधानका लागि विश्वव्यापी रूपमा एकीकृत आवाज बुलन्द गर्ने उल्लेख गरेको उनको भनाइ छ ।

संवाद सम्पन्नपछि जारी गरिएको सारांशपत्रमा पर्वतीय र तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने मानिसको जीवन र जीविकोपार्जनलाई दिगो बनाउने, कार्बन उत्सर्जनमा कम योगदान गर्ने र कम सक्षम देशमा असमान प्रभाव कम गर्न एकीकृत आवाज उठाउनेलगायत विषय उल्लेख छन् । हिमाली पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनको असर तुलनात्मक बढी हुने विषय विज्ञानले प्रमाणित भएको, खानेपानी, खाद्य आपूर्ति र जैविक विविधता जलवायु परिवर्तनबाट गम्भीर खतरामा परेकोलगायत विषय सारांशमा उल्लेख गरिएको छ ।

विश्वव्यापी तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न जलवायु परिवर्तनसम्बन्धी कार्यका लागि विश्वव्यापी सहकार्य र नेतृत्व गर्ने, समावेशी लैंगिक समानता, सामाजिक र अपांगता समावेशितामा ध्यान दिने सारांशपत्रमा उल्लेख गरिएको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. पौडेलले बताए । वित्त पहुँच र वितरणलाई गति दिने, प्रविधि विकास र हस्तान्तरण, नागरिक समाज, युवा, स्थानीय र आदिवासी समुदायको संलग्नताका लागि साझेदारी आवश्यक रहेकामा संवादले जोड दिएको उनको भनाइ छ ।

साब्टाको ६०औं सत्रमा आयोजना हुने हिमाल र जलवायु परिवर्तनसम्बन्धी विशेषज्ञको संवादमा पर्वतीय समस्या समाधान गर्न ठोस मार्गचित्र र रणनीति तयार गरेको छ । यसका निष्कर्षलाई जुन ५ तारिखमा जर्मनीको बोनमा हुने साब्टाको ६०औं सत्रमा जोड्ने र त्यसपछि आगामी कोप-२९ का एजेण्डामा प्रवेश गराई संस्थागत गराउने नेपालको योजना रहको वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।संवादमा सहभागी हुन बंगलादेशका वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री साबेर हुसेन चौधरी, भुटानका कृषि तथा पशुपक्षीमन्त्री ल्योन्पो योन्टेन फिन्टक्सो, साब्टाका अध्यक्ष हचारी भिरेउलगायत सरोकारवाला निकाय र संस्थाका उच्चअधिकारी नेपाल आएका थिए ।

कार्बन उत्सर्जनमा नेपालको योगदान नगन्य

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेका छन् । सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । तापक्रम वृद्धिले यस क्षेत्रमा रहेका हिमालका दुईतिहाइ हिमभण्डार पग्लिने जोखिम बढेको छ ।

अघिल्ला दशकका तथ्यांक विश्लेषण गर्दा हिमालमा प्रतिदशक ०.०५ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ । तापक्रम वृद्धिसँगै हिमनदी पग्लिने क्रम पनि बढिरहेको वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. ढकालले बताए । यसको प्रत्यक्ष असर हिमाली क्षेत्रको पारिस्थितिकीय प्रणालीदेखि साना टापु राष्ट्रसम्म परेको उनको भनाइ छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार हाल नेपालमा दुई हजार ७० हिमताल छन् । तीमध्ये २१ वटा जोखिममा छन् भने चीनको स्वशासित क्षेत्र तिब्बतका २५ र भारतको एउटा हिमतालको जोखिम पनि नेपालसम्म पुग्ने देखिन्छ । विश्वको कूल हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका नगन्य (०.०५ प्रतिशतभन्दा कम) रहेको छ । नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका विश्वका १०औं सूचीमा पर्दछ । जलवायुको असरले हिमाली क्षेत्रमा हिमताल पग्लने र विष्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी, तथा तराई मधेसमा बाढी र पहिरो अस्वाभाविक रूपमा देखिन थालेको छ । *रासस*

कामपाको श्रम बैंकमा चार हजारभन्दा बढीको आवेदन

काठमाडौं (प्रस– काठमाडौं महानगरपालिकाको श्रम बैंकमा चार हजार ७७० जनाको आवेदन परेको छ । कामपाले गत भदौमा सीप भएका तर बेरोजगार जनशक्तिलाई श्रम बैंकमा आबद्ध हुन माग गरेको सूचनाअनुसार आवेदन प्राप्त भएको कामपा श्रम बैंकका 'फोकल पर्सन' पवनकुमार ठाकुरले जानकारी दिए ।

ठाकुरका अनुसार कामपाले आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा महानगर स्वर्णिम योजनाअन्तर्गत श्रम बैंक सञ्चालन गर्ने नीति लिएको थियो । सोहीअनुसार महानगरले आवेदन माग गरेको थियो । 'यसबाट सामाजिक विकास, पूर्वाधार निर्माण, मर्मतसम्भार, सम्पदा संरक्षण, वातावरण संरक्षण, सहरी सुव्यवस्था कायम गराउनेलगायत क्षेत्रमा काम गर्ने जनशक्तिको सूचीकरण हुने छ,' उनले भने ।

कामपाले श्रम बैंकमा आएकामध्येबाट अहिले छ सयजना छनोट गरी कामपामा खटाएको छ । आवश्यकता र मागअनुसार अन्यलाई पनि काममा खटाउने तयारी गरिरहेको कामपाले जनाएको छ । आवेदन दिनेमध्ये सबैभन्दा धेरै सरसफाइको क्षेत्रमा काम गर्ने जनशक्ति रहेको कामपाले जनाएको छ । 'बेरोजगारका लागि एउटा आधार तयार गरिदिने उद्देश्यले श्रम बैंकमा श्रमिकलाई आबद्ध गराइएको हो,' उनले भने, 'कामपाले तयार गरेको श्रम बैंकमा श्रमिकको नाम हुन्छ । जहाँ श्रमिकको ज्यालादर, कामको प्रकार, सम्पर्क नम्बर र श्रमिकको ठेगानालगायत विवरण उल्लेख गरिएको हुन्छ ।'

सोही विवरणका आधारमा आवश्यकता पर्ने जो सुकैले श्रमिकलाई काममा लगाउन र उचित पारिश्रमिक दिन सक्ने छन् । चालु आर्थिक वर्षका लागि काम गर्न इच्छुक व्यक्तिले आवेदनमा काम गर्न चाहेको कामको विवरण, आफूले काम गरेको भए अनुभवको क्षेत्रलगायत विवरण भर्नुपर्ने छ ।

आवेदन फाराममा विभिन्न ६४ प्रकारका काम उल्लेख गरिएका छन् । फाराम आफू बसेको वडामा अथवा कामपाको रोजगार सेवा केन्द्रमा बुझाउनुपर्ने छ । श्रम बैंकमा आबद्ध हुन स्थायी ठेगाना जहाँ भए पनि हुन्छ काठमाडौंमा बसोबास भएको हुनुपर्ने छ । यस कार्यक्रमले आवश्यक श्रमशक्तिको उपलब्धता सहज हुने छ । उनका अनुसार यसमा सूचीकृत जनशक्तिलाई अन्य सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा समेत उपलब्ध गराउन सकिने व्यवस्था छ ।

संरक्षण अभावमा गौश्वारका प्राचीन सम्पदा जीर्ण बन्दै

गलेश्वर (म्याग्दी)– बेनीबजारबाट १० किलोमिटर दक्षिणमा अवस्थित बेनी नगरपालिका-२ ज्यामरुककोटको गौश्वारामा मल्लकालीन वास्तुकलाका १०० वर्ष पुराना ढुंगेघर दिनप्रतिदिन जीर्ण बन्दै गएका छन् ।

वि.सं. १९७८-७९ मा सिर्मु र सालका काठमा कुँदिएका कलात्मक बुट्टा, चिल्ला र बाक्ला ढुंगाले छाएको धुरी र पालीमुनि टुँडाल राखेर निर्माण गरिएका आकर्षक ढुंगेघर संरक्षण अभावमा जीर्ण भएका हुन् । मल्ल र राणाकालीन इतिहास दर्शाउने तीनतले ढुंगेघर प्राचीन दरबारजस्ता लाग्छन् । मल्ल र राणाकालीन इतिहासको साक्षी बनेका यी घर मल्ल र ठकुरीहरू बसाइँसराइका कारण अलपत्र परेका हुन् । वि.सं. २०४५ सम्म मल्ल वंशीय ठकुरीहरूको बसोबास रहेको यो गाउँका मानिस २०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भएसँगै बसाइँ सरेपछि घर अलपत्र परेका बेनी नगरपालिका-२ का वडा सदस्य चन्द्रकान्त रिजालले बताए ।

प्राचीन ती घरको मर्मतसम्भार गरेर घरवरपरको क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने तथा बागलुङको पञ्चकोट, म्याग्दीको गलेश्वर र मुस्ताङको मुक्तिनाथ भ्रमणमा जाने पर्यटकलाई पनि आकर्षण गर्न सकने प्रशस्त सम्भावना भएको वडा सदस्य रिजालले बताए । गौश्वारामा सुदर्शन मल्ल, माधव मल्ल, घनश्याम मल्ल, परमेश्वर मल्ल र विश्वबम मल्लको स्वामित्वमा रहेका सय वर्षभन्दा बढी पुराना घर गौश्वारा गाउँका सम्पदा भएकाले तिनको सुरक्षा र मर्मतसम्भारमा घरधनी र समुदाय दुवैले चासो दिनुपर्ने स्थानीय बुद्धिजीवी रत्नबम मल्लले बताए ।

हाल गौश्वारा गाउँका मल्लकालीन वास्तुकलाका पाँच घरमध्ये दुईमा मात्र बसोबास छ भने तीन घर जीर्ण छन् । भावी पुस्तालाई आफ्ना पूर्वजहरूको निवासको परिचय गराउने यी घर संरक्षण गर्नुपर्ने स्थानीय अर्जुन माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक टीकाबहादुर कार्कीले बताए । त्यसैगरी मालिका गाउँपालिका वडा नं ६ तल्लो दुखुको रातोढुंगामा शेरचन र भट्टचनले निर्माण गरेका १०० वर्षभन्दा पुराना सातवटा ढुंगेघर पनि संरक्षणको अभावमा जीर्ण भएका छन् । *रासस*

तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Receptionist -2 (F)

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः १५000-१८000/-

श्रम ईजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-5900437, 9851144106
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

---

भूमि सुधार तथा मालपोत कार्यालय सर्लाही, मलंगवाको

३५ दिने सार्वजनिक सूचना

श्री जि.सर्लाही साविक गा.वि.स धनकौल वडा नं. ५ हाल धनकौल गा.पा. वडा नं. २ मा बस्ने तेतरी देवि मलाहिनलाई हकदावी गर्न आउने बारेको सूचना । उपरोक्त सम्बन्धमा जि.सर्लाही साविक गा.वि.स छतौना वडा नं. ५ हाल धनकौल गा.पा. वडा नं. ३ मा बस्ने ठगा सहनी मलाहको छोरा नागेश्वर सहनी मलाहको नाउमा दर्ता कायम रहेको जि.स.गा.वि.स धनकौल प. वडा नं. ५ कि.नं. ३३७ को ज.वि. ०-०-७ जग्गाको मोही महलमा रहेको तेतरी देवि मलाहिनको नामका भगुवा/मरुवा/मोही लगत कट्टा गरी पाउ भन्ने निवेदनमा मिति २०८१/०१/३० को आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफै वा ऐन बमोजिमको वारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फ कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

पथिक प्राज्ञ निगम प्राइभेट लिमिटेड आ.व. २०७८/०७९ र २०७९/०८० को वार्षिक साधारणसभा सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०२/२०

मिति २०८१ साल जेठ महिनाको १९ गते बसेको यस पथिक प्राज्ञ निगम प्राईभेट लिमिटेडको सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस कम्पनीको आ.व. २०७८/०७९ र २०७९/०८० को वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरू गर्नको लागि बस्ने भएको हुँदा संस्थापकहरू तथा शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति समय र स्थान :

सभा हुने मिति : २०८१ साल असार १२ गते, बुधबार
सभा हुने समय : दिउसो ४:३० बजे
सभा हुने स्थान : काठमाण्डौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. १०, सतुङ्गल पार्टी प्यालेस ।

छलफलको विषय :

(क) सामान्य प्रस्ताव

१. कम्पनीको आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. कम्पनीको आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन विवरण उपर छलफल गरि अनुमोदन गर्ने ।
३. आर्थिक वर्ष २०८०/२०८१ को लागि लेखा परिक्षक नियुक्त गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिको पुनर्गठन गर्ने एवं पदावधि निर्धारण गर्ने बारे । (ख) विविध

सञ्चालक समितिको आज्ञाले
सञ्चालक अध्यक्ष

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/२० गते)

श्री महासेर लिम्बुको नातीनी, वीर वहादुर लिम्बु/हर्कमाया लिम्बुको छोरी, बम बहादुर राईको बुहारी, हर्क बहादुर राईको पत्नी, तेह्रथुम जिल्ला, मेछ्यायेम गाउँपालिका वंडा नं ०५, मोराहाङ्ग बस्ने श्री कालीमाया राई मिति २०८०/१२/२४ गते मा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. २७२०१६३२१३५००००१ र २७२०१६३२१३५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको छोरा तील वहादुर राईले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदकको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचना द्वारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय मेछ्यायेम, तेह्रथुम फोन नं. ९८५२८६१२२२

नुवाकोट महाउत्पादन डेरी उद्योग

शिवपुरी गाउँपालिका-८, थानापति, नुवाकोट

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८१/०२/२० गते

यस कार्यालयको मिति २०८१/०१/१८ गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र NMDU/NCB/080-81/01 आह्वान सम्बन्धी सूचना अनुसार E-BIDDING मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये मूल्याङ्कन समितिबाट निम्न बोलपत्रदाताको बोलपत्र मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाता र अन्य सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	ठेक्का नं.	अन्तिम मूल्याङकित रकम	बोलपत्रदाताको नाम, ठेगाना
१.	NMDU/NCB/080-81/01	३९७१९९५.२०/-	एस.एस.इन्जिनियरिङ एण्ड रिसर्च सेन्टर

प्रबन्धक

प्रभाव दैनिक
National Daily

सम्पादकीय

रोजगार मेलाको औचित्य

रोजगारीको अवसर खोज्दै दैनिक हजारौं युवा मुलुकबाट बाहिरिरहेको अवस्थामा सरकारले स्वदेशमै रोजगार प्रवर्द्धन गर्ने भन्दै रोजगार मेला गरिरहेको छ। मेलाको नाम दिइएको छ, श्रमाधान । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्व सम्हालिरहेका मन्त्री डोलप्रसाद अर्यालले आफ्नो महत्त्वाकांक्षी योजनाको रूपमा यो कार्यक्रम अगाडि बढाएको बुझिन्छ । कोशी प्रदेशको विराटनगरबाट सुरु भएको मेला आजसम्म मधेश प्रदेशमा चल्ने छ। मधेसपछि गण्डकी हुँदै सातवटै प्रदेशमा मेला आयोजना गर्ने कार्यतालिका मन्त्रालयले बनाएको छ।

गएको चुनावबाट उदाएको नयाँ पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद अर्याललाई नयाँ पार्टीले केही गर्छ भन्ने सन्देश दिन पनि यो कार्यक्रम सफल बनाउनुपर्ने बाध्यता छ । त्यसैले व्यापक प्रचारप्रसार गरिएको छ, श्रमाधान रोजगार मेलाको । मेलाको उद्देश्य स्वदेशमै रोजगारी सिर्जना गर्ने। र, यसका लागि रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरूबीच सम्बन्ध बिस्तार गरिदिने । तर, मेला आयोजक श्रम मन्त्रालय नै यसमा ढुक्क छैन कि यसबाट युवाहरूलाई स्वदेशमै रोजगारीमा लाग्न हौस्याउने छ। त्यसैगरी उद्योगी, व्यवसायीले पनि नेपाली युवाहरूलाई रोजगारीमा लगाएर मन्त्रालयको उद्देश्य पूरा गर्न सघाउने छन्। तर, त्यो त्यति सहज भने देखिँदैन।

मुलुकमै रोजगारी सिर्जना गर्ने भन्दै सरकारले हरेक वर्ष ठूलो बजेट खर्च गरिरहेको छ। यो वास्तवमै नतिजामुखी देखिएको छैन । यसअघि ल्याइएका युवा स्वरोजगार कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रमजस्ता कार्यक्रमहरूमा ठूलो बजेट खर्च भइरहँदा त्यसलाई प्रभावकारी बनाउन सरकार चुकिरहेको छ । यस्ता कार्यक्र आफ्ना कार्यकर्ता पोस्ने कार्यक्रमका रूपमा आलोचित बन्दै आएका छन् । अर्कोतर्फ युवाहरू यहाँको रोजगारीप्रति त्यति आकर्षित देखिँदैनन् । यसको मुख्य कारण रोजगारीको क्षेत्रमा व्याप्त असुरक्षा। यहाँ श्रमको उचित सम्मान हुँदैन। त्यसकारण यहाँभन्दा बाहिर जानु उचित ठान्छन्। त्यसैले सर्वप्रथम यहाँको रोजगार क्षेत्रलाई श्रमिकमैत्री र श्रमिकको सुरक्षा सुनिश्चित गरिनुपर्छ।

हुन त हरेक नयाँ मन्त्री आउनेबित्तिकै केही न केही नयाँ कार्यक्रम ल्याएर जनतामाझ स्थापित हुने होडमा लाग्छन्। श्रममन्त्री अर्यालले पनि यो कार्यक्रमलाई त्यही रूपमा त ल्याएका होइनन् ? प्रश्न गर्ने ठाउँछ। यहाँ चर्चाका लागि भन्दा पनि साँच्चिकै सुक्षित रोजागरीको सुनिश्चितता आवश्यक छ । त्यसैले श्रममन्त्रीको ध्यान श्रमबजारलाई सुरक्षित बनाउनेमा जानुपर्छ । रोजगार मेला चर्चा बटुल्ने हतियारमात्र नबनोस् । राज्यकोषबाट खर्च गरिने यस्ता कार्यक्रमको औचित्य पुष्टि गर्न यसलाई प्रभावकारी बनाउन जरुरी छ। यो रोजगार मेलालाई त्यही चुनौती छ। यसमा मन्त्री र सरोकारवाला अधिकारीहरूको ध्यान जाओस्।

मनन्योग्य

चाणक्य नीति

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन्। कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन। धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ। धर्ममा नै सबै कुरा आबद्ध छन्। यसैले धर्मलाई परम तत्त्व भनिएको छ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको खपहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ। तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो।

शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन्। यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् । यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ । यस्तो दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन्, जसलाई 'यमराज' पनि भनिन्छ।

'कुशासन, भ्रष्टाचार र दण्डहीनताले गणतन्त्रमाथि खतरा छ'

कृष्ण पहाडी
मानवअधिकारकर्मी तथा नागरिक आन्दोलनका अगुवा

अमेरिकाको संविधानमा २७ र भारतको संविधानमा १०६ पटक संशोधन भइसकेको छ । नेपालमा संविधानसभाबाट संविधान बनिसकेपछिको मार्ग भनेको वैधानिक तबरले आवश्यकताअनुसार संविधान संशोधनमात्र हो, संविधानको हत्या होइन ।

* * *

असललाई जिम्मेवारी र खराबलाई दण्ड सुनिश्चित गर्न सकेमात्र लोकतान्त्रिक गणतन्त्र दिगो हुन्छ । केही खराब नेताको आचरणका कारण अहिले व्यवस्थामाथि धावा बोल्नेको मनोबल बढ्न थालेको छ ।

* * *

नेता र दलका कारण लोकतन्त्रलाई धरापमा पार्नु अपराध हो । यसैगरी लोकतान्त्रिक गणतन्त्रको विकल्प खोज्नु भनेको अस्थिरता र अराजकताको दलदलमा मुलुकलाई धकेल्नु हो भन्ने सत्य सबैले बुझ्नुपर्छ ।

* * *

नागरिक समाज भनेको लोकतन्त्रको एउटा खम्बा हो । नागरिक समाजले लोकतन्त्र प्राप्तिका साथै रक्षाका लागि काम गर्छ । लोकतान्त्रिक संस्कृति निर्माण र सबलीकरणमा योगदान गर्छ ।

* * *

पहैँलो कुर्ता र धोतीमा देखिने कृष्ण पहाडीका विषयमा केही थाहा नहुने सामान्य मानिसले कुनै आध्यात्मिक सन्तका रूपमा बुझ्न सक्छ । तर उनी त्यसरी बुझेजस्तो धार्मिक सन्त होइनन् । उनी लोकतन्त्र, मानवअधिकार र स्वतन्त्रताको आन्दोलनमा नथाक्ने योद्धाका रूपमा स्थापित छन् । नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नागरिक समाजका तर्फबाट पहाडीले नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् । पूर्वराजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नै हातमा लिएपछि पहाडीलगायतले नागरिक समाजका तर्फबाट आन्दोलन सुरू गरेका थिए । राजनीतिक दलको आह्वानमा मानिस जम्मा नहुने समयमा नागरिक समाजले नै पूर्वराजाले प्रजातान्त्रिक हक, अधिकारमा लगाएका प्रतिबन्धका विरूद्धमा सडक संघर्षको नेतृत्व गरेको थियो । नागरिक समाजले गल्ती, कमजोरी गरे पनि राजनीतिक दलले नै मुलुकको नेतृत्व गर्ने हो भनी स्थापित गराएको थियो । यसैको फलस्वरूप तत्कालीन सात राजनीतिक दलले आह्वान गरेको आन्दोलनमा जनसहभागिता बढ्न थालेको हो । राजनीतिक दललाई लोकतान्त्रिक गणतन्त्रमा डोऱ्याउन त्यसबेला पहाडीलगायत नागरिक अगुवाले महत्त्वपूर्ण योगदान गरेका थिए । प्रस्तुत छ, लोकतान्त्रिक गणतन्त्र १७ औं वर्षमा प्रवेश गर्दा यसमाथि मडारिन थालेका काला बादललगायतका विषयमा केन्द्रित रही *राससका* समाचारदाता **पूर्णप्रसाद मिश्र**ले नागरिक आन्दोलनका अगुवा पहाडीसँग गरेको कुराकानीको सम्पादित अंशः

गणतन्त्र स्थापना भएको १७ वर्ष लागेको छ, गणतन्त्र स्थापना हुनुअघि र गणतन्त्र स्थापनापछिको अवस्थामा केही फरक भएन भन्ने चर्चा चलिरहेको छ। गणतन्त्र स्थापनाका लागि नागरिक समाजका तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको नाताले यो अवस्थाप्रति तपाईंको भनाइ के छ ?

गणतन्त्र स्थापना भएपछि पनि सुशासन हुन सकेन । असललाई जिम्मेवारी र खराबलाई दण्ड दिनुपर्नेमा त्यस्तो हुन सकेन । कुशासन र दण्डहीनताका कारण जनतामा वितृष्णा बढ्दै गएको छ । दुईपटकको संविधानसभाको निर्वाचनपछि २०७२ सालमा संविधान जारी भयो। २०७४ सालमा तीनै तहको निर्वाचन सम्पन्न भयो । तीनै तहको निर्वाचन सम्पन्न भएपछि राजनीतिक स्थायित्वका साथै सुशासनको प्रत्याभूतिसँगै आर्थिक सामाजिक रूपमा देशले फड्को मार्ने अपेक्षा नागरिकको थियो । तर सत्तासीनले नागरिकको अपेक्षा अनुरूप योगदान गर्न सकेनन्। उर्बर विचार र जनशक्तिको पुञ्ज लाखौं युवाको विदेश पलायनको सिलसिला रोकिएन । नागरिक सर्वोच्चता स्थापित हुनुपर्नेमा प्रमुख दलका शीर्ष नेताको सर्वोच्चता स्थापित हुन थालेको हो कि भन्ने आशंका बढ्दै गएको छ । गणतन्त्रपछि सबैतिर विधिको शासनको अनुभूति हुनुपर्नेमा अर्बौं भ्रष्टाचारका दर्जनौं घटना प्रकाशमा आउँदा पनि त्यसमा संलग्न कुनै पनि नेतामाथि कानुनी कारबाही भएन । सौदावाजीको राजनीति, कुशासन र दण्डहीनताको कहालीलाग्दो शृंखलाका कारण नागरिकमा वितृष्णा एवं निराशा चुलिँदै गएको छ । त्यसका लागि जिम्मेवार नेताको राज्यसत्ता एवं संयन्त्रमा पकड तथा हालीमुहाली छ । यसैले यो व्यवस्थामाथि प्रश्न उठाउने र धावा बोल्नेको संख्या बढ्दै गएको देखिन्छ । अधिनायकवाद र एकाधिकारवादको पृष्ठपोषकको ऊर्जाको स्रोत पनि यिनै विकृति हुन् । लोकतान्त्रिक गणतन्त्रमाथि खतरा छ भने कुशासन, भ्रष्टाचार र दण्डहीनताका कारणले नै छ । यसका लागि प्रमुख दलका शीर्ष नेता जिम्मेवार छन् ।

वि.सं. २०६२/६३ पछि जनआन्दोलनको राप र तापले लोकतान्त्रिक गणतन्त्रको स्थापना र नयाँ संविधान जारी भएका कारण अधिनायकवाद र एकाधिकारवादको भविष्य समाप्त भएको थियो । २४० वर्ष पुरानो राजतन्त्रको उन्मूलन हुनु अधिनायकवादको समाप्ति थियो भने संविधानसभाबाट नयाँ संविधान बनेपछि स्वतन्त्रताविहीन एकाधिकारवादी अर्थात् साम्यवादी व्यवस्थाको स्थापनाको सम्भावना पनि अन्त्य भएको थियो । यो संविधान असफल सावित गरी यो व्यवस्थाको अन्त्य गर्न सकेमात्र राजतन्त्रको पुनःस्थापना र साम्यवादी व्यवस्थाको स्थापनाको द्वार खुल्छ भन्ने रणनीतिले अहिले अधिनायकवाद र एकाधिकारवादका पृष्ठपोषकहरू अभियानरत रहेको देखिन्छ । यी दुवै तप्का बलियो हुनु भनेको लोकतान्त्रिक गणतन्त्र, स्वतन्त्रता र मानवअधिकार कमजोर हुनु हो ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा देखिएका विकृति अन्त्य गर्न के गर्नुपर्ला ?

संविधान गतिशील दस्तावेज हो। संविधान संशोधन निरन्तर हुने प्रक्रिया हो । संविधान कार्यान्वयनका क्रममा देखिएका कमीकमजोरीलाई संशोधन गरी गणतन्त्रलाई संस्थागत गर्दै लैजानुपर्छ । कुनै पनि संविधान आफैंमा पूर्ण र सर्वोत्कृष्ट हुँदैन । नेपालको संविधान पनि शैसव अवस्थामा छ । संविधान कमी कमजोरी मुक्त छैन । माग र आवश्यकताअनुसार संविधान संशोधन हुनुपर्छ । संविधान संशोधन गर्दा केन्द्रबिन्दुमा नागरिक सर्वोच्चता रहेको लोकतान्त्रिक गणतन्त्रलाई राखिनुपर्छ, यसको प्राणहरण गर्न मिल्दैन । अमेरिकाको संविधानमा २७ र भारतको संविधानमा १०६ पटक संशोधन भइसकेको छ । नेपालमा संविधानसभाबाट संविधान बनिसकेपछिको मार्ग भनेको वैधानिक तबरले आवश्यकताअनुसार संविधान संशोधनमात्र हो, संविधानको हत्या होइन । विश्वमै उत्कृष्ट मानिएको नागरिक सर्वोच्चता र स्वतन्त्रताको प्रत्याभूतिसहितको लोकतान्त्रिक व्यवस्थाको विकल्पमा अधिनायकवाद र एकाधिकारवादको वकालत गर्नु भनेको आधुनिक सभ्यता र सुसंस्कृतिको मान्यताविपरीत नेपाललाई सयौं वर्ष पछाडि धकेल्ने दुषित चिन्तनमात्र हो ।

विद्यमान विकृतिको निदान नगर्ने हो भने उपलब्धि ओझेलमा पर्नसक्ने सम्भावनाका कारण मानवअधिकार तथा शान्ति समाज चिन्तित छ । असललाई जिम्मेवारी र खराबलाई दण्ड सुनिश्चित गर्न सकेमात्र लोकतान्त्रिक गणतन्त्र दिगो हुन्छ। केही खराब नेताको आचरणका कारण अहिले व्यवस्थामाथि धावा बोल्नेको मनोबल बढ्न थालेको छ। आन्तरिक लोकतान्त्रिक अभ्यासबाटै खराबलाई दण्ड सुनिश्चित गर्न नसक्नुमा प्रमुख दलका नेता मात्र होइन, कार्यकर्ता पनि त्यत्तिकै जिम्मेवार छन्। खराब नेताका कारण लोकतन्त्रमाथि संकट आउने त होइन ? भन्ने आशंका बढ्दै जाँदा पनि खराब नेताकै सर्वोच्चता स्वीकार गर्नेहरू लोकतन्त्रवादी हुन सक्दैनन्। नेता र दलका कारण लोकतन्त्रलाई धरापमा पार्नु अपराध हो । यसैगरी लोकतान्त्रिक गणतन्त्रको विकल्प खोज्नु भनेको अस्थिरता र अराजकताको दलदलमा मुलुकलाई धकेल्नु हो भन्ने सत्य सबैले बुझ्नुपर्छ।

गणतन्त्र स्थापनाका लागि राजनीतिक दललाई दबाब दिने नागरिक समाज नै विभाजित भएकाले पनि अहिलेको व्यवस्थामाथि खतरा बढ्दै गयो भन्ने विश्लेषण पनि हुन थालेको छ नि ?

राजनीतिक समाजमा जस्तै नागरिक समाजमा पनि विकृति व्याप्त छ भन्ने व्यापक आरोप छ । नेपालमा कार्यरत संघसंस्थाका थुप्रै कमीकमजोरीहरू छन् । नागरिक समाज कहिले सुस्ताएको, कहिले हराएको त कहिले राजनीतिक समाजको भ्रातृ संस्थाजस्तो भएको गुनासो सुनिँदै आएको छ। यसैगरी नेपालका मानवअधिकारवादी संस्थाहरू डलरमुखी छन् भन्ने आरोप व्याप्त छ। म संस्थापक सभापति रहेको शान्ति समाजले भने अहिले नागरिक संवाद कार्यक्रममार्फत संस्थाकै बारेमा आलोचनात्मक टिप्पणी गर्ने सकिने व्यवस्था गरेको छ । लोकतन्त्रमा सबै संस्थाले यस्तो अभ्यासको व्यवस्था गर्नुपर्छ भन्ने मलाई लाग्छ। यसले पनि लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सहयोग गर्छ।

भ्रष्टाचार र कुशासनका विरुद्ध नागरिक आन्दोलन किन हुन सकिरहेको छैन ?

नागरिक समाज भनेको जागरुक नागरिकहरूको त्यस्तो समूह/जमात हो, जसले नागरिक हक अधिकारको प्राप्ति, संरक्षणका लागि योगदान गर्छ। नागरिक समाज भनेको राष्ट्रको त्यस्तो बलियो किल्ला हो, जसले बृहत्तर राष्ट्रिय हितका लागि नागरिक दायित्व निर्वाह गर्नुका साथै कर्तव्य पनि स्मरण गराउँछ। लोकतन्त्रको प्राप्ति र रक्षा जस्ता सवालमा विभिन्न निकायसँग हातेमालो/साझेदारी पनि गर्छ तर नागरिक समाजको मौलिकता र पवित्रता सदैव कायम राख्दै निश्चित सवालमा दूरी पनि कायम गर्छ । नागरिक समाजले राज्य र समाजबीचको कार्य क्षेत्रलाई दर्साउँछ, जुन नागरिक समूह, नागरिक समाज संगठनहरू र गैरसरकारी संस्थाहरू मिलेर बनेको हुन्छ । यी सबैले केही खास चासोहरूको प्रतिनिधित्व र प्रवर्द्धन गर्नुका साथै नागरिक कर्तव्य र राजनीतिक अधिकारहरूको बारेमा जनचेतना जगाउने काम गर्छन् । नागरिक समाजसँग सम्बन्धित संस्थाले बहुआयामिक भूमिका निर्वाह गर्छन्। राजनीतिक समाज, कर्मचारी समाज, सुरक्षा निकायलगायत केही खास संरचनाबाहेकका जगत् र जीवनको रक्षा एवं सेवाका लागि समर्पित एवं क्रियाशील जमात नै नागरिक समाज हो, जुन मूलतः स्वयंसेवी र लाभ निरपेक्ष हुन्छ । नागरिक समाज भनेको स्वतःस्फूर्त होस् वा संगठित तबरमा क्रियाशील यस्तो निकाय हो जसको उपस्थिति बोध हुन्छ र संकटका बेला सर्वाधिक चलायमान हुन्छ।

नागरिकहरूको आवाज मुखरित गर्ने, नागरिक हकहितका लागि प्रतिबद्ध एवं क्रियाशील संस्था, जमात, संरचना, आन्दोलन नै नागरिक समाज हो । संगठितरूपमा रहेका नागरिक समाज आबद्ध संस्थाले अभियान गर्छन् । त्यस्तो अभियान नै कहिलेकाहीँ आन्दोलन पनि बन्ने गर्छ। स्वतःस्फूर्त रूपामा विना कुनै संरचना कहिलेकाहीँ यस्ता आन्दोलन पनि उठ्छन्, जसले निकास दिन्छ, नयाँ इतिहास बनाउँछ र नागरिक समाजलाई उचाइमा पुऱ्याउँछ । त्यस्तो बेला राजनीतिक समाजलाई डोऱ्याउने काम पनि नागरिक समाजले गर्छ। जस्तो नेपालमा २०६२/६३ को जनआन्दोलनको पृष्ठभूमि निर्माण गर्ने र आन्दोलनलाई उचाइमा पुऱ्याउने काम 'लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन' ले गरेको थियो।

नागरिक समाज भनेको लोकतन्त्रको एउटा खम्बा हो । नागरिक समाजले लोकतन्त्र प्राप्तिका साथै रक्षाका लागि काम गर्छ । लोकतान्त्रिक संस्कृति निर्माण र सबलीकरणमा योगदान गर्छ । आधारभूत स्वतन्त्रता र मानवअधिकारको पक्षमा चट्टानजस्तो उभिन्छ । अहिंसात्मक धारालाई आत्मसात् गर्छ। यिनै मान्यताका आधारमा शान्ति समाजकै नेतृत्वमा भ्रष्टाचार एवं कुशासनका विरुद्ध नागरिक आन्दोलनको तयारी पनि भइरहेको छ।

लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि के गर्नुपर्छ ?

पछिल्लो चरणमा अर्बौं घोटालाका दर्जनौं घटना प्रकाशमा आएका छन् र त्यस्ता घोटालामा प्रमुख दलका शीर्ष नेताको संलग्नताको तथ्य छताछुल्ल भएको छ तर मूल दोषीमाथि कारबाही हुन सकेको छैन । सुशासनका लागि योगदान गर्नुपर्ने राज्यका संयन्त्रको चरम राजनीतिकरण भएको छ । सौदाबाजीको राजनीति उत्कर्षमा छ । राजनीति विकासमुखी हुन सकेको छैन । राज्य संयन्त्रहरू जुन मात्रामा सेवामुखी हुनुपर्थ्यो, हुन सकेका छैनन्। समग्र समाज उद्यममुखी बन्न सकेको छैन। लगानीमैत्री कानुन र वातावरणको अभाव छ। प्रविधिमैत्री सेवा संरचना निर्माण र विस्तारमा उदासीनता छ । राज्यका पूर्जापूर्जा भ्रष्टाचारले आक्रान्त छन् । दण्डहीनता संस्थागत भएको छ। यसले नागरिकहरूमा निराशा र वितृष्णा बढ्दो छ। नागरिकका निराशा विष्फोटमा बदलिने सम्भावनालाई नकार्न सकिँदैन । तसर्थ, नागरिक निराशालाई आशामा बदल्न नागरिक समाजको सक्रियता अत्यावश्यक छ।

सुशासन लोकतन्त्रको प्राण हो। कुशासन व्याप्त हुँदै गए लोकतन्त्र संकटमा पर्छ । भ्रष्टाचारका घटनालाई उदांगो पार्दै दोषीलाई कारबाही सुनिश्चित गरी किनारा लगाउन सकेमात्र लोकतन्त्र सार्थक एवं जीवन्त हुन्छ। नेपालको लोकतान्त्रिक आन्दोलनमा नागरिक समाजको महत्त्वपूर्ण योगदान छ । वर्तमान अवस्थामा लोकतान्त्रिक गणतन्त्र जोगाउन सुशासनको प्रत्याभूति हेतु भ्रष्टाचारविरुद्धको आन्दोलनलाई उचाइमा पुऱ्याउनु आवश्यक छ । नागरिक समाजको अबको कार्यादेश भनेकै सुशासनका लागि शान्तिपूर्ण हस्तक्षेप हो। नागरिक समाजको अबको मार्ग भनेकै भ्रष्टाचारविरुद्धको बृहत् अभियान/आन्दोलन हो। त्यस्तो आन्दोलन राजनीतिको शुद्धीकरणका लागि हुनुपर्छ। त्यस्तो आन्दोलनमा समाजको हरेक तह र तप्का जोडिनुपर्छ । त्यस्तो आन्दोलन लोकतन्त्रको विकल्प खोज्ने नभई लोकतन्त्रको जरालाई अझ गहिरो बनाउनेतर्फ केन्द्रित हुनुपर्छ । नागरिक समाजको त्यस्तो प्रयासले लोकतान्त्रिक गणतन्त्रलाई जोगाउँछ र दिगो बनाउँछ।

जल उद्धारको कृत्रिम अभ्यास | नेपाली सेनाको भैरवी दल गण पाँच कुमारीले सर्लाही र रौतहटको सिमाना नुनथरस्थित बागमती नदीमा शुक्रबार जल उद्धारको कृत्रिम अभ्यास गर्दै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोली।

तस्बिरः सिंगबहादुर थापा/रासस

विपद् पूर्वतयारीका लागि सामूहिक योजना

बाँके (प्रस)– लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा विपद् पूर्वतयारी र प्रतिकार्यका लागि साझा कार्ययोजना निर्माण गरिएको छ । सहरी विपद् तथा पूर्वतयारी परियोजना (सुपर) को सहकार्यमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा नेपालगञ्जमा आयोजित तीनदिने छलफलले विपद् व्यवस्थापन, पूर्वतयारी, जोखिम न्यूनीकरण र सूचना व्यवस्थापनका लागि कार्ययोजना तयार गरेको हो ।

छलफलमा सहभागी तीनवटै प्रदेशअन्तर्गत स्थानीय तह, स्थानीय प्रहरी, प्रशासन, नेपाली सेना, नेपाल रेडक्रस, विभिन्न गैरसरकारी निकायका साथै संघसंस्था, निजी क्षेत्रको समूहगत छलफलबाट विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन कार्ययोजना निमार्ण गरिएको लुम्बिनी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयकी विपद् शाखा प्रमुख मञ्जु पोखरेलले बताइन् । उनका अनुसार छलफलबाट तयार गरिएको कार्ययोजनालाई सबै निकायले प्रभावकारी रूपमा कार्यान्वयन गर्ने छन् ।

विपद् व्यवस्थापन, पूर्वतयारी, जोखिम न्यूनीकरण, सूचना व्यवस्थापन, अभिलेखीकरण, विपद् घटनापश्चात् तत्काल उद्धार तथा खोजी, स्वास्थ्य उपचार, क्षति विवरण संकलन, राहत वितरण, अनुगमन तथा मूल्यांकनलगायत कार्यलाई कार्ययोजनामा समावेश गरिएको नेपालगञ्ज उपमहानगरपालिका सूचना व्यवस्थापन अधिकृत रूपन ज्ञवालीले जानकारी दिए । उनका अनुसार स्थानीय तहले बनाएका आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई संशोधन गरी कार्यान्वयनमा ल्याइने छ । यसैबीच, अन्तरप्रादेशिक कृत्रिम घटना अभ्यास बारे शनिबार यहाँ छलफल भएको छ । छलफलमा सहभागीले छलफलबाट तयार पारिएको कार्ययोजना र निष्कर्षलाई प्रभावकारी कार्यन्वयन गर्ने प्रतिबद्धता जनाएका ज्ञवालीले बताए ।

छलफलमा विपद्विज्ञ शंकर कोइरालाले प्रदेश विपद् प्रतिकार्य कार्यढाँचा, विज्ञ सुनिलसन शाक्यले व्यवसाय तथा सेवा निरन्तरता योजना र विज्ञ कृष्ण काफ्लेले विपद्मा स्वयंसेवक परिचालनका बारेमा सहजीकरण गरेका थिए। युरोपियन युनियनको सहयोग तथा युएनडिपी, युनिसेफ र युएन ओमनको साझेदारी, नेपाल रेडक्रस सोसाइटी बाँके शाखाको प्राविधिक सहयोगमा तीन वटै प्रदेशमा सञ्चालित कार्यक्रमले भूकम्पीय जोखिम न्यूनीकरणका लागि सचेतना प्रवर्द्धन गरिरहेको छ ।

नदी प्रणालीको व्यवस्थापन नहुँदा जोखिम बढ्दै

■ गोपालप्रसाद बराल

महोत्तरी– महोत्तरीमा चुरेबाट निस्केर दक्षिण बग्ने १० भन्दा बढी नदी तथा खोला छन् । ती खोला बालुवा र गेग्रान थुप्रिँदै गएपछि नजिकका बस्ती र अन्य संरचनाभन्दा अग्ला हुन थालेका छन् । जसले बर्सायाममा डुबान र भौतिक संरचना भत्कने जोखिम बढ्दै गएको छ ।

यहाँ बाँके, टुटेश्वर, खयरमारा, मरहा, जंघा, ढोलनखोला, बेलगाछी, ढुंग्रे, गढन्ता, भब्सी, लक्ष्मीखोला, शिरखोला, बडहरी र रातुसहितका नदी चुरेबाट निस्केर महोत्तरी हुँदै बग्ने गरेका छन् । यीमध्ये रातु र बाँकेका नदीका शिर धनुषा र सर्लाहीसँगको साँधमा छन् । बाँके भारतीय सीमासम्मै सर्लाहीसँगको सीमा भएर बग्छ भने रातु पूर्वपश्चिम राजमार्गमुनि महोत्तरी भएर भारत पस्ने गरेको छ । यीबाहेक सबैजसो नदी महोत्तरीको बर्दिबास नगरपालिका क्षेत्रमा पर्छन् ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले नदीको व्यवस्थित उत्खनन नहुँदा समस्या बढिरहेको बताए । त्यसैले मापदण्डको पालना गर्दै नदी व्यवस्थापनमा लाग्न जरूरी रहेको उनको भनाइ छ । 'हामीले राजमार्ग र बस्ती केन्द्रित भएर जिल्लाका अधिकांश नदीको अवस्था अनुगमन गरेका छौं । धेरैजसो नदी नजिकका बस्तीभन्दा उँचो भएका छन्, राजमार्ग नजिक खोलामा बालुवा र गेग्रान थुप्रिँदै गएकाले जोखिम बढ्दै गएको छ, तिनको उचित व्यवस्थापन आवश्यक देखिन्छ,' प्रजिअ गेलालले भने ।

उनले आगामी वर्षायामभन्दा अघि नै समस्या समाधानका लागि आवश्यक काम गर्न आवश्यक रहेको भन्दै राजमार्ग दायाँबायाँको ५०० मिटर क्षेत्र संरक्षणको जिम्मेवारी भएका सडक विभाग, वनसम्बद्ध कार्यालय र सम्बद्ध स्थानीय तहले पहलकदमी लिनुपर्नेमा जोड दिए । 'कतिपय खोलामा त पूर्वपश्चिम राजमार्गका पुल बराबरजस्तो बालुवा, गेग्रनको थुप्रो छ, कयौं बस्ती अहिलेको खोला सतहभन्दा गहिरा देखिन थालेका छन्,' गेलाल भन्छन्, 'नदीसहितका प्राकृतिक सम्पदाको संरक्षण र उपयोगको नीति अवलम्बन गर्ने मुख्य जिम्मेवारी पाएका निकायले समस्या समाधानका लागि तदारुकता देखाउन आवश्यक छ ।'

यहाँ कतिपय खोला बस्ती तथा नजिकका खेतीयोग्य जमिनभन्दा अग्ला भएका छन् । कतिपय खोला अनियन्त्रित उत्खननका कारण समस्यामा छन् । स्थापित नियम, कार्यविधि, वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन र विज्ञहरूको निष्कर्षको पालना गर्दै नदीको व्यवस्थापन गर्नुपर्ने विषयमा बारम्बार कुरा उठे पनि त्यसको कार्यान्वयन हुन सकेको छैन ।

बर्दिबास-१४ का चिरञ्जीवी हमालले स्थानीय सरकार र सरोकार भएकाहरूले नदी व्यवस्थापनमा यथेष्ट ध्यान नदिने तर ठेक्का र अवैधरूपमा हुने उत्खननले तटबन्ध, सडक, पुलपुलेसा, जलाधारक्षेत्र र बस्तीहरू बाढीको जोखिममा परिरहेका बताए। 'रातु नदीमा बढेको अनियन्त्रित उत्खननविरुद्ध त बर्दिबासका अधिकांश राजनीतिक दलले सर्वोच्च अदालतमै रिट दायर गर्न गर्‍यौं, अनियन्त्रित उत्खनन रोकेर यसलाई प्रचलित कानुन, विधि, प्रक्रिया र यसका लागि निर्धारित मापदण्डको पूर्णपरिपालना गर्न गराउन रिटमार्फत माग गरेका थियौं,' निवेदकमध्येका हमालले भने, 'रिट अहिले अदालतमा विचाराधीन छ । यद्यपि अन्तिम निर्णय नआउञ्जेल रातु नदीको उत्खनन रोक्न अदालतले प्रारम्भिक आदेश दिएको छ ।' उनी नेपाली कांग्रेस महासमिति सदस्यसमेत हुन् ।

निवेदकमध्येकै नेकपा एमालेका मधेस प्रदेश कमिटी सदस्य शंकर महतोले कतिपय नदीमा मापदण्डविपरीत उत्खनन र कतिपय नदीमा थुप्रिएको बालुवा तथा गेग्रानका कारण स्थानीय बाढीको चपेटामा परेको बताए । त्यसैलाई रोक्न र नदी व्यवस्थापनमा ध्यान दिनुपर्ने मागसहित आफूहरू सर्वोच्च गएको उनको भनाइ छ ।

नेकपा माओवादी केन्द्रका जिल्ला इन्चार्ज बर्दिबास-१ का राजु खड्काले नदीजन्य वस्तु (बालुवा, गिटी र ढुंगा) उत्खननका स्थापित नियम र विधि भए पनि त्यसको पालना नहुँदा समस्या बढेको गुनासो गरे । 'बर्सेनि खोलामा थुप्रिने बालुवा, गेग्रान दुवै किनारतर्फ निश्चित नाप छाडेर बहाव क्षेत्रमा तीन फिट गहिरोसम्म खनेर निकाल्न सकिने व्यवस्था छ । उत्खनन गर्नुपूर्व अनिवार्यरूपमा विज्ञको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अध्ययन गरेर त्यसको परिपालना गर्दै अघि बढे समस्या आउँथेन तर यसतर्फ कसैको ध्यान छैन,' खड्काले गुनासो गरे ।

बर्दिबासका नगरप्रमुख प्रल्हादकुमार क्षत्री नगरक्षेत्रका नदीमा भएका उत्खनन अनियन्त्रित वा मापदण्डविपरीत नभएका र सबैलाई साथमा लिएर नदी व्यवस्थापनमा लाग्ने बताए । 'नदी क्षेत्रमा रहेका अव्यवस्थित ठूला खाडल म निर्वाचित हुनपूर्व नै थिए । अहिले नगरपालिकाले सबै कानुनी प्रक्रिया पुर्‍याएर ठेक्का बन्दोबस्त गरिरहेको छ । त्यसबाहेक मापदण्डअनुसार उत्खनन भएको छ वा छैन भनेर नियमित अनुगमन गरिएको छ,' उनको भनाइ थियो । उनले कतिपयले नदीमा छुनै हुन्न भन्ने वकालत गर्ने गरेकाले नदीमा बालुवा, गेग्रान थुप्रिएर नदीको सतह बस्ती र सडकभन्दा उँचो भएकाले डुबानसँगै उर्वर जग्गा गरमा परिणत हुँदै गएको बताए ।

पूर्वपश्चिम राजमार्गकै खयरमारा, ढोलनखोला, टुटेश्वर, ढुंग्रे र गढन्ता खोलाका पुल नजिक राजमार्ग छुइनेगरी बालुवा, गेग्रान थुप्रिँदै गएको छ । यसले नजिकका बस्ती, सघन वनक्षेत्र, पुल र सडकसहितका संरचना जोखिममा छन् । 'नदीक्षेत्रमा बर्सेनि उत्खनन गरिनुपर्छ, तर यसका निश्चित मापदण्ड छन्, यो मापदण्ड पालना नहुँदा उत्खनन गरिँदा वा नगरिँदा समस्या बढ्ने हो,' जिल्लाकै भंगाहा-७ का बासिन्दा चुरेविज्ञ डा. विजयकुमार सिंह भन्छन्, 'सम्बद्ध स्थानीय तह यसको मुख्य जिम्मेवार हो । उसले आफ्नो क्षेत्रका नदी व्यवस्थापनमा ध्यान दिनुपर्छ ।'

यसैगरी चुरे र जलाधारक्षेत्र संरक्षणका क्षेत्रमा क्रियाशील सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव नदी प्रणालीको व्यवस्थापन नदी बेसिन क्षेत्रमै गरिनुपर्ने बताए । 'रातु नदीमा मात्रै १०८ वटा खोल्साखोल्सी मिसिएका छन्, यहाँ मिसिनुअघि नै हामीले ६७ वटा खोल्साखोल्सीमा छड्के बाँध बनाएर त्यसको व्यवस्थापन गरेका छौं, ती बाँधिएका खोल्साखोल्सीबाट बाढीमा बग्ने गेग्रान माथि नै अल्झन्छ, खोलामा झर्न पाउँदैन,' यादव भन्छन्, 'यसगरी अन्य ठाउँ र नदीहरूको व्यवस्थापनमा जोड दिनसकेमा मात्र तल्लो क्षेत्रमा देखिएका समस्या समाधान गर्न सकिन्छ ।'

बर्दिबास-१४ का सामाजिक कार्यकर्ता हरि दाहाल पनि विज्ञहरूले नदी प्रणाली व्यवस्थापन र नदीजन्य पदार्थको वैज्ञानिक उपयोग नीति अवलम्बनको कुरा उप्काए पनि सरोकार भएकाहरूले त्यसको कार्यान्वयनमा ध्यान दिन नसकेको बताए । 'विज्ञहरूले चुरे क्षेत्रमै खोल्साखोल्सी व्यवस्थापन गर्न सुझाउँछन् तर यहाँ मुद्दा उत्खननको मात्र बन्छ,' दाहाल भन्छन्, 'परसम्म हेर्ने बानी बसेको छैन, त्यसैले दीर्घकालसम्म टिकाउ हुने काम पनि हुनसकेका छैन । अब भने समयमा ध्यान दिन नसकिएका ठूलो क्षति बेहोर्नुपर्ने छ ।'

एकातिर नदी उत्खननका लागि नदीजन्य पदार्थको निकासी ठेक्का समयमा हुन नसक्दा नगरपालिकाले संकलन गर्ने राजस्व गुगिरहेको छ भने अर्कोतर्फ विकास निर्माणका योजना निर्माण सामग्रीको अभावमा समयमा निर्माण हुनसकेका छैनन् । यसबाहेक नदीको अव्यवस्थित दोहन तथा सतह वृद्धिले बर्सेनि जोखिम बढिरहेको छ । 'अब नदीको अवस्था र आवश्यकता हेरेर वैज्ञानिक विधिमार्फत समस्याको समाधानतिर ध्यान दिनुपर्छ । अन्यथा नदी क्षेत्रका बस्ती तथा खेतीयोग्य जग्गा कटान तथा डुबानको उच्च जोखिममा पर्ने छन्,' बर्दिबास-१४ का पूर्ववडाध्यक्ष भरतबहादुर हमालको भनाइ छ । *रासस*

गर्मी याममा विद्युत्कै सास्ती

कञ्चनपुर– शुक्लाफाँटा नगरपालिका-५ सार्की टोलका बासिन्दालाई गर्मी याममा विद्युत्को सास्ती हुने गरेको छ । एघार परिवार बस्ने उक्त टोलमा अझै पनि विद्युत् लाइन बिस्तार हुन सकेको छैन ।

विद्युत् लाइन बिस्तार नभएपछि जोखिमयुक्तरूपमा ६०० मिटर परबाट सर्भिस तार तानेर स्थानीयले घरघरसम्म विद्युत् पुर्‍याएका छन् । 'सर्भिस तार तान्दा निकै खर्च लाग्ने गरेको छ,' भरत सार्कीले भने, 'तार ल्याउन धेरै परिवारसँग खर्च नहुँदा केही परिवारले छिमेकीको घरबाट महसुलमा आधा रकम तिर्नेगरी विद्युत् जोडेका छन् ।' गर्मी याममा विद्युतीय उपकरण बढी प्रयोग हुने भएकाले यसरी जोडिएको विद्युत् सर्ट भएर आगलागी हुने सम्भावना बढेको उनले बताए ।

लाइन बिस्तार नहुँदा जोखमयुक्त तरिकाले विद्युत् उपभोग गर्नुपरेको सरस्वती सार्कीले बताए । 'अरू समुदायका घरसम्म विद्युत् लाइन पुर्‍याइएको छ,' उनले भने, 'सार्की समुदायको बस्तीमामात्रै लाइन बिस्तार गरिएको छैन । हिउँदमा विद्युत् खपत कम हुने भएकाले समस्या नभए पनि गर्मी याममा सास्ती हुने गरेको छ ।' पाँच वर्षदेखि विद्युत् लाइन बिस्तारका लागि नगरपालिका कार्यालयमा अनुरोध गर्दा पनि सुनुवाइ नभएको उनको भनाइ छ ।

'विद्युत् लाइन बिस्तारका लागि चालु आवमा बस्तीका सबैको हस्ताक्षर गरेर नगरपालिकामा निवेदन बुझाएका छौं,' नगरपालिका कार्यपालिकाका सदस्य गणेश विकले भने, 'कार्यपालिका सदस्यकै कुरा पनि सुनिँदैन, वडा कार्यालयसँग विद्युत् लाइन बिस्तारका लागि बजेट छैन, नगरपालिकाले वर्षौंदेखि अश्वासनमात्रै दिने गरेको छ ।' १०-१५ वटा खम्बा गाडेर बस्तीमा विद्युत् लाइन बिस्तार गर्न सकिने भन्दै जनप्रतिनिधिले चासो नदिँदा समस्या भएको दलित अधिकारकर्मी अन्तराम बडले बताए । *रासस*

NIJGADH MUNICIPALITY
OFFICE OF MUNICIPAL EXECUTIVE
NIJGADH, BARA

Invitation for Bid

First date of publication: Jestha 20 , 2081(02 June, 2024)

1. The Nijgadh Municipality, Office of the Municipal Executive has allocated funds towards the cost for construction as indicated in details of work below and intends to apply part of the funds to cover eligible payments under the contract for construction as indicated in details of work. Bidding is open to all eligible Nepalese bidders.
2. The Nijgadh Municipality, Office of the Municipal Executive invites **Electronic bids** from eligible bidders for the construction as indicated in details of work below under **NCB–Single Stage Single Envelope Bidding** procedures as in accordance with **e-GP Procurement Directive 2079**. Eligible bidders should participate in this bidding and may obtain further information and inspect the Bidding Documents through PPMO website **www.bolpatra.gov.np/egp**
3. A complete set of Bidding Documents may down load from PPMO's Web Site **www.bolpatra.gov.np/egp** by eligible Bidders and submit their bids only electronically through www.bolpatra.gov.np/egp and upon payment of a non-refundable fee as shown in table below in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank Deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Bidding documents can be down loaded from PPMO's web site on or before last date and time of bid submission

Information to deposit the cost of bidding document in Bank

Name of the Bank : **Agricultural Development Bank**
Name of Office : **Nijgadh Municipality, Bara**
Account Name : **AANTRIK RAJASWA KHATA**
Account No. : **0507601576860035**
Rajaswa Title No : **14229**

4. Bidder who wishes to submit the Bid Security in the form of Cash, the cash should be deposited in Account Name :NIJGADH NAGARPALIKA GA3.1 LA DEPOSIT, Account No. : 0507600676050026 of Agricultural Development Bank Limited, Nijgadh Branch, Bara.
5. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a scanned copy of the Bid security in pdf format amounting as specified in the details of works, which shall be valid up to **30 days** beyond the validity period of Bid.
6. Pre-bid meeting shall be held at Nijgadh Municipality, Office of the Municipal Executive, Nijgadh, Bara at 14.00 hrs. on **Ashar 09 , 2081 (23 June, 2024).**

Electronic Bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp** on or before **12:00 hrs of Ashar 18, 2081 (02 July, 2024)**. After that time web site will not accept automatically.

7. The electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13.00 hrs. of Ashar 18, 2081 (02 July, 2024)** at Nijgadh Municipality, Office of the Municipal Executive, Nijgadh, Bara.
8. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064

Details of Works

S. No.	Contract Identification No.	Name of Project	Bid security amount NRs.	Bid document fee (Non – refundable) NRs.
1	DRAIN/W/NCB/06/ 2080 - 081	Construction Work of Drain 0f Nijgadh Municipality, ward no 10,12,13 Nijgadh Bara	106000.00	3000.00

प्रभाव दैनिक

रूपशाला

मलाइका र अर्जुनको ‘ब्रेकअप’

बलिउड जोडी अर्जुन कपुर र मलाइका अरोराको ब्रेकअपको खबर विगत केही महिनादेखि चर्चामा छ । अहिले उनीहरु नजिकका केही व्यक्तिले यो खबरको पुष्टि गरेका छन् । उनीहरु दुवै भने ब्रेकअपबारे मौन छन् । उनीहरूको सम्बन्ध विच्छेदको कारण मानिसहरूले हङ्गामा नमच्चाउन् भन्ने चाहेको उनीहरु निकटस्थहरूको भनाई छ । पिंकभिल्लाको हालैको रिपोर्टमा एक स्रोतलाई उद्धृत गर्दै मलाइका र अर्जुनको सम्बन्ध निकै विशेष रहेको र दुवैको मनमा एक अर्काको लागि विशेष स्थान रहने बताएको छ ।



आइतबार २०, जेठ २०८१ (Sunday, June 2, 2024)

बाँडियो सिने सर्कल अवार्ड

■ प्रभाव संवाददाता

काठमाडौं– सिनेमा सर्कल नेपालको आयोजनामा शुक्रबार राजधानी काठमाडौंस्थित आर्मी अफिसर्स क्लबमा सिने सर्कल अवार्ड सम्पन्न भएको छ । विगतमा जस्तै पर्दा पछाडिका कलाकर्मी पोष्टर, भिएफएक्स, स्टण्डजस्ता विधालाई प्राथामकता दिदै आएको यस अवार्डको सातौं संस्करणमा समेत तिनै पर्दा पछाडिका कलाकर्मीलाई प्राथामिकता दिएको थियो ।

चौधरी ग्रुपका एमडी बरुण चौधरी र सिनेमा सर्कल नेपालका अध्यक्ष दिनेश डिसीको संयुक्त आयोजना रहेको यस कार्यक्रममा वरिष्ठ मेकअप आर्टिष्ट अशोक रोक्का र वरिष्ठ चलचित्र सम्पादक नरेन्द्र खड्कालाई नगद रु ५१ हजारसहित सम्मान गरिएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य दिँदै सिनेमा सर्कल नेपालका संरक्षक समेत रहेका चौधरी कार्यक्रमको प्रशंसा गर्दै नेपालमा सिनेमा सर्कल नेपलाबाट आयोजित यस कार्यक्रममा सहभागी हुन विश्वको जुनसुकै कुनामा भएपनि नेपाल आउने गरेको र आगामी दिनमा सहभागी हुने वाचा व्यक्त गरेका थिए ।

त्यस्तै आफ्नो घर सरस्वतीको मन्दिर भएको बताउँदै बुवा विनोद चौधरीले गाएको गीत ’एकै नजरमा माया वस्यो है...’ काका वसन्त चौधरीको गीतहरू स्मरण गर्दै आफू सांगीतिक माहोलमा घुलमिल भएको बताए ।

चलचित्र वासुदेवदेखि पुजार सार्कीसम्म सम्झन भ्याएका चौधरीले राजेश हमाल, शिव श्रेष्ठ निर शाहदेखि प्रदीप खड्कासम्म, मिथिला शर्मादेखि सुरक्षा पन्तसम्म स्मरण गरेका थिए । नेपाली चलचित्र क्षेत्रलाई सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै नेपाली चलचित्र क्षेत्रमा फुलेका फुलहरूले नेपाल देशलाई सुगन्धित बनाएको उनको तर्क थियो ।

अवार्ड’मा सौगात मल्ल र स्वस्तिमा खड्काले ‘उत्कृष्ट नायक-नायिका’को अवार्ड जितेका छन् । सौगातले फिल्म ‘अगस्त्य’बाट उत्कृष्ट नायकको अवार्ड जित्दै गर्दा स्वस्तिमाले फिल्म ‘दिमाग खराब’बाट उत्कृष्ट नायिकाको अवार्ड जितिन् । यस्तै, निश्चल बस्नेतले ‘दिमाग खराब’बाट ‘उत्कृष्ट निर्देशक’को अवार्ड जिते । ‘उत्कृष्ट फिल्म’ ‘दिमाग खराब’ बनेको थियो ।

कार्यक्रममा पोस्टर डिजाइनरको अवार्ड ‘बुलाकी’बाट राकेश दाहाल, ‘उत्कृष्ट ट्रेलर’को अवार्ड बन्दे प्रसादले फिल्म ‘काँडेतार’बाट, ‘उत्कृष्ट स्टन्ट’को अवार्ड फिल्म ‘काँडेतार’बाट लक्ष्मण सेञ्चुरीले प्राप्त गर्दा अञ्जु पन्तले फिल्म ‘बगान’बाट ‘उत्कृष्ट गायिका’को अवार्ड प्राप्त गरिन् भने फिल्म ‘जारी’बाट उपेन्द्र सुब्बाले ‘नव निर्देशक’को अवार्ड जितेका थिए ।

निशान भट्टराईले फिल्म ‘परदेशी २’बाट ‘उत्कृष्ट गायक’, अनुपम गौतम शर्माले ‘उपहार’बाट ‘उत्कृष्ट भीएफएक्स’, ‘अगस्त्य’बाट श्री श्रेष्ठले ‘उत्कृष्ट एक्सन’, रामजी लामिछानेले ‘नांगो गाउँ’बाट ‘उत्कृष्ट कोरियोग्राफर’, सुभाष भुसालले फिल्म ‘बगान’बाट ‘उत्कृष्ट संगीतकार’, निमेष श्रेष्ठले फिल्म ‘दिमाग खराब’बाट ‘उत्कृष्ट सम्पादक’को अवार्ड प्राप्त गरेका थिए भने सुशन प्रजापतिले फिल्म ‘दिमाग खराब’बाट उत्कृष्ट छायांकारको अवार्ड , ‘उत्कृष्ट पटकथा’को अवार्ड ‘जारी’बाट उपेन्द्र सुब्बा, उत्कृष्ट खलपात्रको अवार्ड फिल्म ‘अगस्त्य’बाट प्रमोद अग्रहरिले प्राप्त गरेका थिए ।

यस्तै, ‘उत्कृष्ट पर्दाको जोडी’को अवार्ड दयाहाङ राई र मिरुना मगरलाई प्रदान गर्दै गर्दा क्रिटिक्स अवार्डतर्फ नै ‘उत्कृष्ट नायक-नायिका’को अवार्ड फिल्म ‘बुलाकी’बाट नरेन खड्का र सुरक्षा पन्तले प्राप्त गरेका थिए। क्रिटिक्स अवार्डतर्फ ‘उत्कृष्ट निर्देशक’को अवार्ड प्रमोद शाहीले ‘अन्तिम संस्कार’बाट र ट्रेन्ड सेटरको अवार्ड निर्देशकद्धय रामबाबु गुरुङ र प्रदीप भट्टराईलाई प्रदान गरिएको थियो ।

विगतका श्रृंखलामा चर्चित भारतीय कलाकार तथा एमपी शत्रुधन सिन्हा, माला सिन्हा, गोविन्दालगायतको उपस्थितिमा भएको थियो । यो अवार्ड नेपालमा निरन्तर सात बर्षदेखी हुँदै आएको छ । आयोजक सिनेमा सर्कल नेपालका अध्यक्ष समेत रहेका निर्देशक तथा कलाकार दिनेश डिसीले यो निरन्तर हुँदै आएको राष्ट्रियस्तरको एक मात्र रहेको दाबी गरेका थिए ।

‘बेहुली फ्रम मेघौली’को पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता

काठमाडौं– आगामी दशैंमा प्रदर्शन हुन लागेको फिल्म ‘बेहुली फ्रम मेघौली’को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ। शनिबार सार्वजनिक पोस्टरमा फिल्मकी मुख्य अभिनेत्री स्वस्तिमा खड्का साडी र चोलीमा सजिएर उभिएर ट्याक्टर चलिरहेको देखाइएको छ। साजन काफ्ले र आकाश बरालको संयुक्त निर्देशनमा तयार भएको फिल्ममा स्वस्तिमाको अपोजिटमा उनकै श्रीमान् तथा अभिनेता निश्चल बस्नेत रहेका छन्।

आमिर गौतम, विजय बराल, सिम्रन खड्का लगायतको पनि अभिनय रहेको फिल्मले एक बेहुलीको कथा भन्नेछ। चितवनको मेघौलीमा छायांकन गरिएको यो फिल्मलाई दशैंमा ल्याउने घोषणा गरिए पनि यकिन मिति तय गरिएको छैन। स्वस्तिमा खड्का र निश्चल बस्नेतको निर्माण रहेको फिल्मको

कार्यकारी निर्मातामा शंकर पाण्डे र फिरोज खड्का छन्। स्वस्तिमाले पहिलोपटक फिल्म निर्माणको अनुभव लिएकी हुन्। फिल्ममा निर्देशकद्वय आकाश र साजनको संयुक्त लेखन छ। उनीहरूले यही फिल्मबाट निर्देशनमा डेब्यु गरेका हुन्।

सलमानमाथि आक्रमणको अर्को योजना विफल

■ प्रभाव संवाददाता

मुम्बई– बलिउड अभिनेता सलमान खानमाथि आक्रमण गर्ने प्रयासलाई मुम्बई प्रहरीले फेरि असफल बनाएको छ । पनवेलमा सलमानको कारमा आक्रमण गर्ने योजना बनाएका लरेन्स बिश्नोईको गिरोहका चार जनालाई नवी मुम्बई प्रहरीले पक्राउ गरेको हो ।

यी चारको पहिचान धनञ्जय उर्फ अजय कश्यप, गौरव भाटिया उर्फ न्हाई, वास्पी खान उर्फ वासिम चिकना र जिशान खान उर्फ जावेद खान रहेको छ। चारै जना विरुद्ध आईपीसीको धारा ११५, १२० (बी), ५०६ अन्तर्गत मुद्दा दर्ता गरिएको छ।

यी चारै जना बिश्नोई गिरोहका सदस्य हुन्। यस्तो अवस्थामा प्रहरीले लरेन्स बिश्नोई, अनमोल बिश्नोई, गोल्डी बरारलगायत १८ जनाविरुद्ध एफआईआर दर्ता गरेको छ।

पाकिस्तानबाट एके-४७ लगायतका धेरै खतरनाक हतियार ल्याउने योजना रहेको प्रहरीले जनाएको छ। मिडिया रिपोर्टका अनुसार आक्रमणकारीहरूले एके-४७, एम-१६ र एके-९२ प्राप्त गर्ने प्रयास गरिरहेका थिए।

उनीहरूले फार्म हाउस र धेरै ठाउँको रेकी गरेका थिए। प्रहरीले उनीहरूको मोबाइलबाट यस्ता धेरै भिडियो पनि बरामद गरेको छ।

यसअघि १४ अप्रिलमा पनि सलमान खानको बान्द्रास्थित ग्यालेक्सी अपार्टमेन्ट अगाडि गोलाबारी भएको थियो। दुई मोटरसाइकलमा आएका आक्रमणकारीले ५ राउन्ड फायर गरेका थिए। गोली चलाउँदा सलमान आफ्नै घरमा थिए। घटनापछि सलमानको घरबाहिर सुरक्षा बढाइएको थियो।

कर्णालीलाई पोखरा सेभेन्स रग्बीको उपाधि

■ प्रभाव संवाददाता

CHAMPION
7S RUGBY TOURNAMENT

कास्की– कर्णाली प्रदेशले पोखरा सेभेन्स राष्ट्रिय रग्बी प्रतियोगिताको उपाधि जितेको छ । शनिबार कास्कीको पोखरा रंगशालामा भएको फाइनल खेलमा आर्मीलाई १५-७ ले हराउँदै कर्णाली प्रदेशले प्रतियोगिताको उपाधि जितेको हो । उपाधि सहित कर्णाली प्रदेशको पुरुष टिमले ट्रफी, मेडल सहित ५० हजार रूपैयाँ प्राप्त गरेको छ । उपविजेता आर्मीले ३० हजार रूपैयाँ जितेको छ । तेस्रो स्थानका लागि भएको खेलमा एपीएफले बागमती प्रदेशलाई १०-७ ले हरायो । तेस्रो बनेको एपीएफले २० हजार रूपैयाँ हात पारेको छ ।

विजेता टिमलाई गण्डकी प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव श्रीधर शर्मा, राखेपका बोर्ड सदस्य राजेश गुरुङ, रग्बी संघका महासचिव गोविन्द घिमिरे, गण्डकी प्रदेश रग्बी संघका अध्यक्ष कुमार थिङ लगायतले ट्रफी, मेडल तथा पुरस्कार रकम प्रदान गरेका थिए ।

प्रतियोगितामा सात प्रदेश सहित विभागबाट आर्मी र एपीएफ गरि १० टिम सहभागी थिए । खेलकुदमार्फत पर्यटन क्षेत्रको विकास गर्ने उद्देश्यका साथ पोखरा महानगरले यस प्रतियोगिताको आयोजना गरेको हो । प्रतियोगितालाई हरेक वर्ष आयोजना गर्ने लक्ष्य राखिएको पोखरा महानगरका खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारले जानकारी दिए । प्रतियोगितालाई पोखरा महानगरपालिका खेलकुद विकास समिति र गण्डकी प्रदेश रग्बी संघले संयुक्त रूपमा मिलेर आयोजना गरेका हुन् ।

ओलम्पिक छनोटमा अन्जनी पराजित

काठमाडौं (प्रस)– नेपाली मुक्केबाज अन्जनी तेली बक्सिङ रोड टु पेरिस भन्ने मूल नाराका साथ थाइल्याण्डको राजधानी बैंककमा जारी दोस्रो तथा अन्तिम ओलम्पिक क्वालिफाइङ खेलमा पराजित भएकी छिन् । महिला ५४ के.जी. तौल समूह अन्तर्गत प्रारम्भिक - राउन्ड ३२ मा हङ्कङ्की मुक्केबाज अउ यिन विनीलाई ५:० अङ्कको आधारमा पराजित गरी राउन्ड १६ को खेल खेलेकी तेली मोन्टेनेग्रोकी मुक्केबाज बोजाना गोजकोभिकसँग २७-३० अङ्कको आधारमा पराजित भएकी हुन् ।

नेपाली मुक्केबाज अन्जनी तेली गत वर्ष मित्र राष्ट्र भारतमा सम्पन्न आईबीए विश्व बक्सिङमा ५४ केजी तौल समूहमा दुई बाउट जित्दै आईबीए महिला विश्व बक्सिङ च्याम्पियनसिपको क्वाटरफाइनलमा पुगेकी बक्सर हुन् । उनी विश्व बक्सिङ च्याम्पियनसिपमा नेपालको पहिलो क्वाटरफाइनलमा पुग्ने खेलाडी हुन् ।

नेसनल चेस च्याम्पियनसिप सुरु

Sports for Health, Sports for
NATIONAL CHESS CHAM
OLYMPIAD
(Open & Wo
otel, Lazimpat

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल बुद्धिचाल महासंघ र लुम्बिनी इभेन्ट म्यानेजमेन्टको संयुक्त आयोजनामा नेशनल चेस च्याम्पियनसिप सुरु भएको छ । प्रतियोगिताको पहिलो दिन शनिबार सम्पन्न खुल्लातर्फको खेलमा नेपाल च्याम्पियन फिडे मास्टर क्षितिज भण्डारी, युथ च्याम्पियन पुरुषोत्तम सिलवाल, सिएम मिलन लामा, धनुषाका सुशील चौधरी र झापाका राजन सुवेदी जित निकाल्दै समान १-१ अंक अंक जोड्न सफल भएका छन्।

क्षितिजले निकै नै प्रतिस्पर्धामा बनेको खेलमा पूर्व नेपाल च्याम्पियन काठमाडौंका केशव श्रेष्ठलाई पराजित गर्दा पुरुषोत्तमले दोलखाका राजीव कार्की, मिलनले काठमाडौंका प्रेम महर्जन, सुशीलले झापाका प्रकाश नेपाल र राजनले ललितपुरका सुरोज महर्जनलाई निराश पार्दै अंक जोडे । त्यस्तै वर्तमान नेपाल च्याम्पियन फिडे मास्टर रूपेश जैशवाल उत्कृष्ट लयमा रहेका सुश्रुत दाहालसँग बराबरीमा रोकिँदै अंक बाँड्न बाध्य भए ।

राउन्ड रोबिन प्रणालीमार्फत सुरु भएको प्रतियोगिताको पहिलो दिन महिलातर्फ पूर्व नेपाल च्याम्पियन सिन्दिरा जोशी, मोरङकी शान्ति धिमाल, कास्कीकी पूजा भण्डारी, काठमाडौंकी विनीता कपाली, रिया श्रेष्ठ र पर्साकी सुशीला गुरुङ जित निकाल्न सफल भएकी छन् । सिन्दिराले भक्तपुरकी श्रेया दुवाललाई पराजित गर्दा शान्तिले नेशनल बी छनौटमा उत्कृष्ट प्रदर्शन गरी प्रथम स्थानमा रहेर छनौट हुँदै नेशनल चेस च्याम्पियनसिप खेलिरहेकी झापाकी कृतिसारा अधिकारीलाई हराइन् भने विनीताले अंशु प्रजापतिमाथि जित हात पारिन् । त्यसैगरी रियाले झापाकी पुनम प्रसाईँ र सुशीलाले भक्तपुरकी सविना गुजलाई पराजित गरिन् ।

जेठ २४ गते अर्थात् ६ दिनसम्म चल्ने प्रतियोगितामा नेशनल बी बाट छनोट भएका खुल्ला र महिलातर्फ समान नवौ जना, २३ औं नेशनल च्याम्पियनसिपका विजेता र उपविजेता महिला तथा पुरुषतर्फका समान तीन गरी २४ जना खेलाडी सहभागी छन् । यस च्याम्पियनसिपबाट खुल्लातर्फ शीर्ष तीन जना र महिलातर्फ उत्कृष्ट चार गरी ७ जना खेलाडी हंगेरीको बुडापेस्टमा आगामी सेप्टेम्बर १० देखि २३ सम्म हुने ४५ औं चेस ओलम्पियाडका लागि छनोट हुनेछन् ।

एडुक्रोप र टिम दिव्यलाई उपाधि

काठमाडौं (प्रस)– एडुक्रोप र टिम दिब्यले एस कप प्लस टु थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् । एडुक्रोप ब्वाइज तथा दिव्य गर्ल्समा च्याम्पियन बने ।

सिनामंगलस्थित एस इन्टरनेसनल विजनेस स्कुलद्वारा आयोजित प्रतियोगितामा ब्वाइजको रोमाञ्चक फाइनलमा एडुक्रोपले ग्रिनफिल्डलाई २२-२० ले पराजित गर्‍यो । खेल अतिरिक्त समयमा लम्किएको थियो । निर्धारित समयको खेल २०-२० को बराबरीमा सकिएको थियो । अतिरिक्त समयमा पहिले २ स्कोर गर्ने टिम विजयी हुने नियम छ । अतिरिक्त समयमा एडुक्रोपका सन्देश खड्का र काल्साङ शेर्पाले समान १-१ स्कोर गर्दै

TOURNAMENT

एडुक्रोपका उपाधि सुनिश्चित गरे । सर्वाधिक स्कोर भने एडुक्रोपकै उर्गेन लामाको नाममा रह्यो । उनले १४ अङ्क जोडे । गर्ल्सको उपाधि भिडन्तमा टिम दिब्यले बलर्स एकेडेमीलाई ८-५ ले हरायो । विजयी टिमका लागि विनामनी योञ्जनले ४ स्कोर गरिन् । ब्वाइज/गर्ल्स दुवैमा पहिलो हुनेले १५ हजार र दोस्रोले १० हजार नगद पुरस्कार हात पारे ।

फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय उर्गेन र विनामनी ‘मोस्ट भेलुएबल प्लेयर’ घोषित भए । दुवैले बुद्ध एयरको माउन्टेन फ्लाइट र झमेल बिट्सको ३ हजार बराबरको कुपन प्राप्त गरे । विजेतालाई एसका कार्यकारी निर्देशक डा. आशिष तिवारी र प्रोग्राम म्यानेजर कौशलराज पौडेलले एक कार्यक्रमबिच पुरस्कृत गरे । तीन दिने प्रतियोगिताको ब्वाइजमा ३२ तथा गर्ल्समा १६ टिमको सहभागिता रहेको एसका प्रशासकीय अधिकृत आशिष न्यौपानेले जनाएका छन् ।

स्विट्जरल्याण्डको जेभास्थित गुड ग्लोबल समिट–२०२४ का लागि बनाइएको आर्टिफिसियल इन्टिलिजेन्स (एआई) रोबोट कलाकार एआई–दा । *तस्बिर: सिन्ह्वा*

यमनमा घातक आक्रमणपछि हुथी समूहद्वारा अमेरिकी जहाजमा आक्रमण

साना (यमन)– यमनमा अमेरिका र बेलायतले हालै गरेको घातक आक्रमणको जवाफमा हुथी समूहले लाल सागरमा संयुक्त राज्य अमेरिकाको जहाजमा मिसाइल आक्रमण गरेका छन् ।

यमनको होदेइदाह प्रान्तमा अमेरिका र बेलायतको संयुक्त आक्रमणमा १६ जनाको मृत्यु भएको समूहको दाबीपछि हुथी सैन्य प्रवक्ता याहया सारीले शुक्रबार आइसेनहावर जहाजमा आक्रमणको घोषणा गरेका थिए । हुथी नियन्त्रित च्यानल अल मासिराह टेलिभिजनले बिहीबारको आक्रमणको नतिजा खुलासा गर्दै होदेइदाहमा घाइते नागरिकको उपचार भइरहेको फुटेज प्रसारण गरेको थियो । उक्त आक्रमणमा ४२ जना घाइते भएको बताइएको छ ।

'अमेरिकी–बेलायती आक्रमणले हामीलाई प्यालेस्टाइनको समर्थनमा हाम्रो सैन्य कारबाही जारी राख्नबाट रोक्न सक्दैन, विद्रोहीले बढ्दो तनावको सामना गर्नुपर्ने छ,' हुथी अधिकारी मोहम्मद अल–बुखाइतीले सामाजिक सञ्जाल एक्समा भने ।

बेलायती प्रधानमन्त्री ऋषि सुनकले आक्रमणलाई 'हुथीविरुद्धको आत्मरक्षाको एकरूप' रहेको बताए । इरान समर्थित हुथी समूहले पश्चिमी समर्थित र साउदी नेतृत्वको गठबन्धनविरुद्ध लगभग एक दशकको द्वन्द्वपछि यमनको महत्त्वपूर्ण भागलाई नियन्त्रण गरेको हो । गाजामा इजरायलको चलिरहेको द्वन्द्वबीचमा उनीहरूले प्यालेस्टिनीलाई समर्थन गरेका छन् ।

उनीहरूले नोभेम्बरदेखि लाल सागर, बाब अल–मन्डेब जलडमरूमध्ये र एडनको खाडीमा जहाजमा बारम्बार ड्रोन र मिसाइल आक्रमण सुरु गरेका छन् । इरानले अमेरिका–बेलायतको आक्रमणलाई 'यमनको सार्वभौमिकता र क्षेत्रीय अखण्डता, अन्तर्राष्ट्रिय कानुन र मानवअधिकारको उल्लंघन' भएको निन्दा गरेको छ ।

'आक्रमणकारी अमेरिका र बेलायती सरकार यमनी जनताविरुद्धको यी अपराधको परिणामका लागि जिम्मेवार छन्,' इरानी विदेश मन्त्रालयका प्रवक्ता नासिर कनानीले भने ।

अमेरिकी समुद्री प्रशासनका अनुसार हुथीले ढुवानी जहाजमा ५० भन्दा बढी आक्रमण गरेका छन्, जसको परिणामस्वरूप हताहत, जहाज कब्जा र विश्वव्यापी व्यापार मार्गमा अवरोध आएको छ । हुथीले ढुवानी कम्पनीलाई वैकल्पिक मार्ग खोज्न बाध्य पारेका छन् । जसका कारण लाल सागर पार गर्ने विश्वव्यापी व्यापारको लगभग १२ प्रतिशतलाई असर गरेको छ ।

हुथीको क्षमतालाई घटाउने उद्देश्यले अमेरिका र बेलायतले संयुक्त हमला गरे पनि विद्रोहीले आफ्नो आक्रमण जारी राखेका छन् । आफ्नो पछिल्लो कारबाहीमा उनीहरूले गाजामा इजरायली आक्रमणको प्रतिक्रियामा ग्रिसको स्वामित्वमा रहेको ढुवानी जहाज र अन्य जहाजलाई आक्रमण गरेको अल जजिराले जनाएको छ । *रासस⁄एएनआई*

राष्ट्रसंघको प्रस्तावलाई इराकले गऱ्यो स्वागत

बागदाद (इराक)– इराक सरकारले सन् २०२५ को अन्त्यसम्ममा इराकका लागि संयुक्त राष्ट्रसंघीय सहायता मिसन (युएनएएमआई) समाप्त गर्ने राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्तावलाई स्वागत गरेको छ ।

इराक सरकारका प्रवक्ता बासिम अल–अवादीले विज्ञप्तिमा इराकी सरकारले सन् २०२५ को डिसेम्बर ३१ सम्ममा संयुक्तराष्ट्र मिसन समाप्त गर्न सर्व सम्मतिले जारी प्रस्तावलाई स्वागत तथा स्वीकार गरिएको उल्लेख छ । विज्ञप्तिका अनुसार इराकी सरकारले इराकमा राष्ट्रसंघ र यसका विकास कार्यक्रमसँग दिगो सहयोग र साझेदारी जारी राख्ने वाचा गरेको छ ।

यसअघि, राष्ट्रसंघीय सुरक्षा परिषद्को सर्वसम्मतिले युएनएएमआईको जनादेशलाई अन्तिम १९ महिनाको अवधिका लागि विस्तार गर्ने निर्णय गरेको छ । निर्णयअनुसार निर्धारित समयपछि मिसनले सबै काम बन्द गर्ने छ ।

उक्त मिसन अमेरिकी गठबन्धनको आक्रमण पछि इराक सरकारको अनुरोधमा सन् २००३ मा इराकी सरकार र जनतालाई विभिन्न क्षेत्रमा सल्लाह, समर्थन र सहयोग प्रदान गर्न सुरक्षा परिषद्ले सुरु गरेको हो । *रासस⁄सिन्ह्वा*

अफगानिस्तानमा डुंगा दुर्घटना हुँदा २० जनाको मृत्यु

काबुल (अफगानिस्तान)– अफगानिस्तानको पूर्वी नंगरहार प्रान्तमा शनिबार नदी पार गर्ने क्रममा डुंगा डुब्दा २० जनाको मृत्यु भएको प्रान्तीय अधिकारीले बताएका छन् ।

पूर्वीनंगरहारको मोमण्ड दारा जिल्लाको बसावुल क्षेत्रमा शनिबार बिहान ७ बजे महिला तथा बालबालिका बोकेको डुंगा नदीमा डुबेको प्रान्तको सूचना विभागका प्रमुख कुराइसी बद्लुनले सामाजिक सञ्जाल एक्सको एक पोस्टमा सार्वजनिक गरेका छन् ।

अधिकारीका अनुसार दुर्घटना परेका पाँच जना बाँचेका छन् भने दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ । नंगरहार सूचना तथा संस्कृति विभागले मिडियालाई दिएको सन्देशमा पाँचवटा शव निकालिएको तथा अरूलाई खोज्ने प्रयास भइरहेको उल्लेख छ ।

नजिकैको पुल नभएको कारण यस क्षेत्रका बासिन्दाले प्रायः खराब अवस्थामा डुंगा प्रयोग गरेर नियमितरूपमा नदी पार गर्ने गरेको स्थानीय मिडियाले जनाएको छ । *रासस⁄एएफपी*

चीनमा खाद्य सुरक्षा कानुन लागू

बेइजिङ (चीन)– अन्न उत्पादन र आपूर्ति सुनिश्चित गर्ने उद्देश्यले चीनको खाद्य सुरक्षा कानुन शनिबारदेखि लागू हुने भएको छ । डिसेम्बर २०२३ मा शीर्ष व्यवस्थापिकाले पारित गरेको कानुनमा उत्पादन र भण्डारदेखि परिसंचरण-प्रशोधनलगायत आपूर्तिको सम्पूर्ण प्रक्रियालाई समेट्ने प्रावधानका ११ अध्याय समावेश छन् ।

अन्न प्रशोधनको सन्दर्भमा, कानुनले उद्योग विकासलाई प्रोत्साहन र मार्गदर्शन गरी अन्न प्रशोधन उत्पादनको आपूर्ति र सुरक्षा सुनिश्चित गर्ने प्रयास प्रस्ताव गरेको छ ।

जसमा अन्न प्रशोधन अपरेटरले सान्दर्भिक औद्योगिक मापदण्ड पालना गर्न पर्ने व्यवस्था छ । उनीहरूको उत्पादनको गुणस्तर र सुरक्षाका लागि जवाफदेही हुनुपर्ने कानुनले निर्दिष्ट गर्दछ ।

चीनले खाद्य सुरक्षालाई महत्त्व दिई १.४ अरब मानिसलाई विश्वको खेतीयोग्य भूमिको नौ प्रतिशत प्रदान गरेको छ । नवनिर्मित कानुनमा कृषियोग्य भूमिको संरक्षणका प्रावधानसमेत समावेश छन् । *रासस⁄सिन्ह्वा*

भारतमा लोकसभा निर्वाचनको अन्तिम चरणको मतदान सम्पन्न

ELECTION COMMISSION OF INDIA
VOTING COMPARTMENT

नयाँदिल्ली– भारतमा शनिबार लोकसभा निर्वाचनका लागि सातौं तथा अन्तिम चरणको मतदान सम्पन्न भएको छ । यस चरणमा सात राज्य र एक केन्द्र शासित प्रदेशका ५७ सिटका लागि मतदान भएको छ ।

पञ्जाब र उत्तर प्रदेशका १३-१३ सिट, पश्चिम बंगालका नौ सिट, बिहारका आठ, उडिसाका छ, हिमाचल प्रदेशका सबै चार सिट, झारखण्डका तीन सिट र चण्डीगढको एक सिटमा शनिबार मतदान भएको हो । लोकसभा चुनावको अन्तिम चरणको प्रचारप्रसार बिहीबार साँझ सम्पन्न भएको थियो । प्रधानमन्त्री नरेन्द्र मोदी, कांग्रेस नेता राहुल गान्धी र अन्य धेरै दलका नेता अन्तिम चरणको निर्वाचनमा चुनावी मैदानमा थिए । यो निर्वाचनमा कूल ९०४ जनाले उम्मेदवारी दिएका छन् ।

सात चरणको लोकसभा चुनावको लामो प्रचारका क्रममा प्रधानमन्त्री मोदीले ७५ दिनमा २०० भन्दा बढी प्रचार कार्यक्रम आयोजना गरे । यसमा ऱ्याली र रोड शोहरू समावेश थिए । आफ्नो चुनावी अभियान समाप्त गरेपछि प्रधानमन्त्री मोदी बिहीबार साँझ तमिलनाडूको कन्याकुमारीमा विवेकानन्द रक मेमोरियलमा ध्यानका लागि पुगेका थिए । लोकसभा चुनावको अघिल्लो छ चरणको मतदान अप्रिल १९, अप्रिल २६, मे ७, मे १३, मे २० र मे २५ मा भएको थियो । मतगणना जुन ४ अर्थात् मंगलबार सुरु हुने छ र नतिजा सोही दिन आउने अपेक्षा गरिएको छ । *रासस⁄एएनआई*

हमासको बैंक लुट्ने योजनासम्बन्धी दस्तावेज सार्वजनिक

तेल अभिभ (इजरायल)– इजरायली रक्षा बलले हमास लडाकु समूहले गाजाको बैंकबाट लाखौं शेकेल (इजरायली मुद्रा) चोरी गर्ने योजना बनाएको दस्तावेज सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको छ ।

'हमासले गाजामा रहेका बैंकको सेफ लुट्ने योजनाको आन्तरिक दस्तावेजको खुलासा गरेको एक महिनापछि हमासले गाजापट्टिमा रहेको बैंक अफ प्यालेस्टाइनको शाखाबाट लाखौं शेकेल चोरी गरेको थियो,' आइडिएफका अरबी प्रवक्ता लेफ्टिनेन्ट कर्नल अविचे अद्राइले एक्समा भने ।

बैंक अफ प्यालेस्टाइन जुडिया, सामरिया र गाजाभरी शाखा भएको सबैभन्दा ठूलो प्यालेस्टिनी बैंक हो । 'मार्च १० मिति लेखिएको सो दस्तावेज अबु जिहाद नामक हमास समूहका सदस्यद्वारा तयार पारिएको थियो । सोहीअनुसार आन्दोलनका सदस्यले गाजामा रहेको बैंक अफ प्यालेस्टाइनका शाखाबाट चालिस करोडभन्दा बढी शेकेल चोरेका थिए,' अद्राइले जानकारी गराए । हमास समूहले पटक-पटक बैंक अफ प्यालेस्टाइनका विभिन्न शाखामा चोरी गरेका छन् ।

'गाजाका बासिन्दाले आर्थिक र सामाजिक संकटको सामना गरिरहेका बेला हमासले आफ्नो साथै आफ्ना सदस्यको अस्तित्वका लागि गाजा पट्टीका नागरिकबाट कुनै हिचकिचाहट बिना चोरी गरिरहेको छ,' अद्राइले भने ।

गाजाका प्यालेस्टिनी बासिन्दा युद्धबाट विस्थापित भए पनि हमास नेताले वर्षौंदेखि आफू र आफ्नो परिवारलाई समृद्ध बनाउँदै आएका छन् हमासका नेता इस्माइल हानियाह, खालिद मशाल र मुसा अबु मर्जुकको संयुक्त ११ अर्ब डलरको व्यक्तिगत सम्पत्ति रहेको छ जबकि संगठनको नेतृत्वले जम्मा एक अर्ब डलरको लगानी पोर्टफोलियो नियन्त्रण गर्ने इजरायलको प्रेस सर्भिसले सेप्टेम्बरमा जानकारी गराएको हो ।

युद्धअघि, हमासले इजिप्टबाट तस्करी गरिएका सामानमा बीस प्रतिशत कर लगाउने गरेको थियो र गाजाको कालो बजारी व्यापारबाट वार्षिक चालिस करोडभन्दा बढी अमेरिकी डलर कमाएको थियो । अक्टोबर ७ मा गाजा सीमा नजिकै इजरायली समुदायमा हमासको आक्रमणमा कम्तिमा एक हजार २०० मानिसले ज्यान गुमाउनुका साथै २५२ इजरायली र विदेशीलाई बन्धक बनाइएको थियो । बाँकी रहेका १२५ बन्धकमध्ये ३९ जनाको मृत्यु भएको विश्वास गरिएको छ । *रासस⁄एएनआई*

हमासको अन्त्य नभएसम्म गाजा युद्ध अन्त्य नहुने नेतान्याहुको दाबी

जेरुसेलम (इजरायल)– इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले शनिबार गाजा युद्ध अन्त्य गर्न अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रस्तुतिपछि द्वन्द्वको एक हिस्साको रूपमा हमासको विनास नभएसम्म युद्धको अन्त्य नहुने दाबी गरेका छन् ।

युद्धको अन्त्यका लागि इजरायलको अवस्था परिवर्तन नभएको जनाउँदै इजरायली नेताले हमासको बिनासले सबै बन्धकलाई मुक्त गर्ने र इजरायललाई खतरा नभएको सुनिश्चित गर्ने विज्ञप्तिमार्फत जनाएका छन् । प्रस्तावअन्तर्गत इजरायलले स्थायी युद्धविराम लागू गर्नुअघि यी सर्तहरू पूरा गर्नुपर्नेमा जोड दिएको छ । यी सर्त पूरा हुनुअघि इजरायल स्थायी युद्धबिराममा सहमत नहुने धारणा नेतान्याहुले उल्लेख गरे । शनिबार, बाइडेनले इजरायललाई गाजामा पूर्ण युद्धविरामका लागि नयाँ रोडम्याप प्रस्ताव गरिरहेको बताए ।

उनले युद्धबिराम तीन चरणको प्रस्तावमा छ हप्तादेखि गाजाको सबै क्षेत्रबाट इजरायली सेना फिर्ता हुने बताए । युद्धको अन्त्यसँगै सयौं प्यालेस्टिनी कैदीको रिहाइको बदलामा महिला, वृद्धवृद्धा घाइतेलगायत धेरै बन्धकको रिहाइ हुने बाइडेनले उल्लेख गरेका छन् ।

इजरायल र प्यालेस्टिनीले स्थायी युद्धबिरामका लागि छ हप्तामा वार्ता गर्ने र वार्ताको क्रममा युद्धबिराम जारी रहने बाइडेनले जनाए । हमासले बाइडेनले बनाएको योजनालाई सकारात्मक रूपमा लिएको जनाइएको छ । *रासस⁄एएफपी*

वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८ ⁄ ९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला – १३८२००	प्रति तोला – १३७५५०	प्रति तोला – १९३०

पर्यटकीय दिज गाउँ | बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका-९ स्थित विकट दिज गाउँ। प्राकृतिक सौन्दर्यताले भरिपूर्ण गाउँ पर्यटकीय हिसाबले महत्त्वपूर्ण मानिन्छ। *तस्बिर: खेमराज गौतम/रासस*

लगानी सम्मेलनका १२ परियोजनाको आशयपत्र माग गर्ने समय थप

■ **प्रभाव संवाददाता**

काठमाडौं– गत वैशाख १६ र १७ गते काठमाडौंमा आयोजना भएको तेस्रो लगानी सम्मेलनका क्रममा सोकेसमा राखिएकामध्ये १२ वटा परियोजनाको आशयपत्र (एक्सप्रेसन अफ इन्ट्रेस्ट-इओआई) माग गर्ने समय थपिएको छ। लगानी बोर्डका अनुसार लगानीकर्तालाई आशयपत्र पेस गर्न थप ३० दिनको समय दिइएको छ।

'आशयपत्र माग गर्ने समय बढाउँदा थप आशयपत्र आउनसक्ने र प्रतिस्पर्धा हुने भएकाले यस्तो निर्णय भएको हो', बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले भने। लगानी बोर्डका अनुसार पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र तथा प्रदर्शनी केन्द्र, चन्द्रागिरी-चित्लाङ-पालुङ-चितवन दुतमार्ग, जानकी हेरिटेज होटेल एण्ड कल्चरल भिलेज, धुलिखेल मेडिसिटी परियोजना, सुदूरपश्चिम सार्वजनिक यातायात परियोजना, बबरमहल प्रशासनिक प्लाजा परियोजना, दैजी औद्योगिक क्षेत्र र गौतमबुद्ध प्रसूति अस्पतालको आयशपत्र पेस गर्ने समय आगामी असार १८ गते (२०२४ जुलाई २) सम्मका लागि थपिएको छ।

त्यस्तै, नौमुरे बहुउद्देश्यीय परियोजना, कालीगण्डकी-२ जलाशययुक्त जलविद्युत् आयोजना, खिम्ती ठोसे शिवालय जलाशययुक्त जलविद्युत् आयोजना, भार बुङ जलाशययुक्त जलविद्युत् आयोजनाको आशयपत्र पेस गर्ने समय आगामी असार २८ गते (२०२४ जुलाई १२) सम्मका लागि थप गरिएको लगानी बोर्डले जनाएको छ। आशयपत्र पेस गर्ने समय थप गरिएका यी आयोजना लगानी बोर्डमार्फत अगाडि बढाउने तयारी भइरहेको छ।

तेस्रो लगानी सम्मेलनका क्रममा विभिन्न २० वटा आयोजनालाई लगानीकर्ताहरूबाट आशयपत्र माग (एक्सप्रेसन अफ इन्ट्रेस्ट-इओआई) गर्नेगरी सोकेसमा राखिएको थियो। आयोजना पहिचान भएर पूर्वसम्भाव्यता अध्ययन सम्पन्न भएका तथा विकासका लागि प्रारम्भिक चरणका कामसमेत अघि बढिसकेका आयोजनाहरूमा लगानी सम्मेलनमार्फत् स्वदेशी तथा विदेशी लगानीकर्ताबाट आशयपत्र माग गरिएको थियो।

काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिकामा धुलिखेल मेडिसिटी परियोजनालाई विशिष्टिकृत (सुपर स्पेशलिटी) अस्पतालका रूपमा परिकल्पना गरेर प्रस्ताव तयार गरिएको छ। यो परियोजनाको प्रस्तावित लागत रु ११ अर्ब रहेको छ। आधुनिक प्रविधिसँगै विशेषज्ञ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले यो परियोजना निर्माण गर्ने सरकारको योजना रहेको छ। विश्वस्तरीय स्वास्थ्य केन्द्र स्थापना र स्वास्थ्य सेवा लिनका लागि स्वास्थ्य पर्यटनको केन्द्रका रूपमा विकास गर्ने परियोजनाको लक्ष्य छ।

नेपाल सरकार
लगानी बोर्डको कार्यालय
Office of the Investment Board

सुदूरपश्चिम सार्वजनिक यातायात परियोजनाअन्तर्गत कैलाली, कञ्चनपुर र डोटी जिल्लाको यातायात अवस्थालाई सुधार गर्ने लक्ष्य राखिएको छ। परियोजनामा एक सय ७२ बस (६८ डिजेल बस, एक सय चार विद्युतीय बस) तथा ४७ बस बिसौनी प्रस्ताव गरिएको छ। धनगढीदेखि चिसापानीसम्म २१ वटा, टीकापुर-लम्कीसम्म चार वटा, कञ्चनपुरको गड्डाचौकीदेखि अत्तरियासम्म १० वटा र अत्तरियादेखि डोटीसम्म १२ वटा बस बिसौनी निर्माण हुनेछ। सो सडकखण्डका विभिन्न स्थानमा पेट्रोल पम्प र चार्जिङ स्टेशनहरू पनि निर्माण गर्ने योजना छ। यसको प्रस्तावित लागत रु ३१ अर्ब १३ करोड बराबर रहेको छ। यो परियोजना निर्माण सुरु भएको तीन वर्षभित्र बनाइसक्ने लक्ष्य लिइएको छ। सुदूरपश्चिममा विद्युतीय बस सञ्चालन र यातायात सुविधाहरूमा स्तरोन्नति गर्नका लागि सन् २०२३ मा पूर्वसम्भाव्यता अध्ययन गरिएको थियो।

जलविद्युत् उत्पादन र सिँचाइका लागि नौमुरे बहुउद्देश्यीय आयोजना निर्माणका लागि पनि लगानी सम्मेलनमार्फत प्रस्ताव आह्वान गरिएको थियो। यो आयोजनाको लागत रु ९२ अर्ब अनुमान गरिएको छ। कुल दुई सय ८१ दशमलव ०४ मेगावाट उत्पादन क्षमताको यो परियोजनाले तीनवटा जलविद्युत् योजनालाई समेटेको छ। जसमा नौमुरे (२१८ दशमलव ३४ मेगावाट), लामाताल (आठ मेगावाट), र सुरैनाका (५४ दशमलव सात मेगावाट) क्षमताका छन्। कपिलवस्तु सिँचाइ प्रणालीसँगै यसले देउखुरी उपत्यकाको विद्यमान सिँचाइ प्रणालीलाई पनि समेट्छ। यो परियोजनाबाट बाँकेमा ४२ हजार सात सय ६६ हेक्टर र कपिलवस्तुमा २९ हजार सात सय ३६ हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य लिइएको छ।

एक हजार दुई सय १६ मेगावाट विद्युत् उत्पादन क्षमताको खिम्ती ठोसे शिवालय जलाशययुक्त आयोजना दोलखा र रामेछापको सिमानामा पर्छ। यो नेपालका ठूला जलविद्युत् परियोजनामध्येको एक हो। यो आयोजनाको प्रस्तावित लागत अनुमान रु दुई खर्ब ८९ अर्ब ७७ करोड बराबर रहेको छ।

तनहुँ, पाल्पा, नवलपुर र स्याङ्जामा निर्माण प्रस्ताव गरिएको कालीगण्डकी-२ जलाशययुक्त जलविद्युत् आयोजनाको विद्युत् उत्पादन क्षमता छ सय ५० मेगावाट रहने छ। कुल रु एक खर्ब ७४ अर्ब ७३ करोड बराबर लागत अनुमान गरिएको यो परियोजनाका लागि १० हजार नौ सय ३४ हेक्टर जमिन आवश्यक पर्नेछ। सत्तरी प्रतिशत ऋण तथा ३० प्रतिशत स्वपुँजी रहने गरी यो आयोजनाको वित्तीय व्यवस्थापनको ढाँचा प्रस्ताव गरिएको छ। आयोजनाको पूर्वसम्भाव्यता अध्ययनको काम सकिसकेको छ भने सन् २०२५ सम्ममा वातावरणीय प्रभाव मूल्यांकन सकिसक्ने लक्ष्य राखिएको छ।

तीन सय ७७ दशमलव एक मेगावाट उत्पादन क्षमता र रु ८० अर्ब १२ करोड बराबर लागत अनुमान गरिएको भारबुङ जलाशययुक्त जलविद्युत् आयोजनालाई पनि लगानी सम्मेलनमार्फत् आशयपत्र माग गर्नका लागि सोकेसमा राखिएको थियो। यो आयोजना डोल्पाको ठूलीभेरी नदीमा निर्माण गर्ने प्रस्ताव गरिएको छ। आयोजनाको पूर्वसम्भाव्यता अध्ययनको काम सकिसकेको छ भने सन् २०२४ भित्रै सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्यांकन सकिसक्ने लक्ष्य राखिएको छ।

लगानी बोर्डका अनुसार पोखरा अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रदर्शनी केन्द्र परियोजनाको अनुमानित लागत रु तीन अर्ब ७२ करोड रहेको छ। यस परियोजनाअन्तर्गत पाँच तारे होटल, रेष्टुराँ, संग्रहालय र बालउद्यान सञ्चालन गर्ने लक्ष्य राखिएको छ। जसमा पाँच सय जनासम्म अटाउन सक्ने एम्पिथिएटर, दुई वटा प्रदर्शनी कक्ष, पाँचतारे होटल (दुई सय कोठाको), रेस्टुराँ र फूड कोर्ट, संग्रहालय र स्मारिका कोठा, बालउद्यान, तीन हजार मानिस अटाउने सम्मेलन केन्द्र, पिकनिक क्षेत्र रहने गरी आयोजना प्रस्ताव गरिएको छ।

लगानी सम्मेलनका क्रममा दैजी औद्योगिक क्षेत्र परियोजनाका लागि पनि लगानीकर्ताबाट आशयपत्र माग गरिएको थियो। यो औद्योगिक क्षेत्रको अनुमानित लागत रु आठ अर्ब ६० करोड रहेको छ। यस औद्योगिक क्षेत्रको औद्योगिक उत्पादन र उत्पादकत्वमा सुधार गर्ने र स्थानीय विशेषज्ञता, उपलब्ध स्रोतसाधनको उपयोग गर्ने र निर्यात प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ। जसअन्तर्गत एक सय औद्योगिक प्लट, ठूला सवारी साधन पार्किङ क्षेत्र, प्रशासनिक ब्लक, हेलिप्याड, पेट्रोल पम्प, तौल स्टेशन, पानी आपूर्ति र फायर फाइटिङ प्रणाली, विद्युतीय प्रणाली जडान गर्नेजस्ता काम परियोजनाभित्र प्रस्ताव गरिएका छन्।

'साना उद्योगको विकास र प्रवर्द्धनका लागि बजेट मौन रहनु दुःखद'

■ **प्रभाव संवाददाता**

काठमाडौं– नेपाल घरेलु तथा साना उद्योग महासंघले सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ल्याएको बजेटले साना तथा मझौला उद्योगको विकास र प्रवर्द्धनका लागि स्पष्ट योजना ल्याउन नसकेको बताएको छ।

बजेटबारे विज्ञप्ति जारी गरी महासंघले अर्थतन्त्रको ठूलो हिस्सा ओगट्ने साना उद्योग प्रवर्द्धनका लागि बजेटमा योजना नपर्नु दुःखद रहेको जनाएको छ। 'बजेटमा कृषि, शिक्षा, ऊर्जा, पर्यटन, वित्तीय क्षेत्र सुधारजस्ता विषयलाई प्राथमिकता दिइए पनि औद्योगिक क्षेत्र र अर्थतन्त्रको ठूलो हिस्सा रहेको लघु, घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्द्धनका लागि बजेट मौन छ', महासंघले भनेको छ।

विगतमा दिँदै आएको सहुलियतपूर्ण कर्जा, पुनर्कर्जाका बारेमा बजेट मौन देखिएकाले यसलाई निरन्तरता दिनका लागि आगामी मौद्रिक नीतिमार्फत केही व्यवस्था हुनुपर्ने पनि महासंघको माग छ। 'देशभरका लघु, घरेलु, साना तथा महिला उद्यमीद्वारा उत्पादित स्वदेशी वस्तुको बजार प्रवर्द्धन गर्न अन्तर र्राष्ट्रियस्तरको निर्यात गृह स्थापनाका लागि महासंघले दिएको सुझावलाई समेत बजेटमा समेटिएको छैन। त्यसैले आगामी मौद्रिक नीतिमार्फत केही विषयहरू समेट्न जरुरी छ', महासंघका अध्यक्ष उमेशप्रसाद सिंहद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ।

उद्योग मन्त्रालयअन्तर्गतका विभिन्न कोषहरूलाई एकीकृत गरी बनाइएको औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालन कार्यविधिको मस्यौदाले पूर्णता पाउन नसकेको अवस्थामा कोषलाई प्रभावकारी बनाउने गरी बजेटमा योजना नपरेको महासंघले जनाएको छ। कोष सञ्चालनमा नआउँदा साना तथा मझौला उद्योगका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने देखिएकाले अविलम्ब कोष सञ्चालनको व्यवस्था गरिनुपर्ने महासंघको माग छ।

निजी क्षेत्रलाई समावेश गरी तीन तहका सरकार र सहकारीसमेतको साझेदारीमा आयात प्रतिस्थापन एवम् निर्यात वृद्धि गर्न उत्पादनलाई रोजगारीसँग आबद्ध गराउन कार्यक्रम सञ्चालन गर्ने कुरालाई महासंघले स्वागत गरेको छ। उद्यमशीलतामा युवा सहभागिता बढाउन स्टार्टअप र नवप्रवर्तनका लागि 'इकोसिस्टम' विकास, स्टार्टअप बोर्ड गठन गर्नेलगायत बजेटका विषय सकारात्मक रहेका महासंघको ठहर छ।

कृषकलाई हाते ट्र्याक्टर वितरण

■ **प्रभाव संवाददाता**

म्याग्दी (बेनी)– म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ का कृषकलाई हाते ट्र्याक्टर वितरण गरिएको छ। परम्परागत कृषि प्रविधिलाई आधुनिकीकरण गर्दै कृषकको लागत घटाउन र उत्पादन बढाउन हाते ट्र्याक्टर (मिनिटेलर हलो) वितरण गरिएको हो।

वडा कार्यालयको 'कृषि प्रवर्द्धन' वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत ३८ कृषकलाई अनुदानमा हाते ट्र्याक्टर वितरण गरिएको वडाध्यक्ष खिमबहादुर शाहीले जानकारी दिनुभयो। वडा कार्यालयले माग गरेका कृषक र कृषक समूहलाई ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर उपलब्ध गराएको उनले बताए।

'रु ४० हजार मूल्यका हाते ट्र्याक्टरमा कृषक र गाउँपालिकाले रु २०/२० हजारको दरले साझेदारी भएको छ, छिट्टै व्यावसायिक रूपमा तरकारी खेती गर्ने कृषकलाई प्लाष्टिक टनेलसमेत अनुदानमा वितरण गर्ने योजना बनाएका छौँ', वडाध्यक्ष शाहीले भने। शुक्रबार वडा कार्यालयमा आयोजित कार्यक्रममा वडाध्यक्ष शाही, वडा सदस्य जितबहादुर खत्री, आइती दर्जीलगायतले कृषकलाई हाते ट्र्याक्टर वितरण गरे।

यस वर्ष कृषि प्रवर्द्धन कार्यक्रमअन्तर्गत रु आठ लाख ५० हजारमा ३८ कृषकलाई हाते ट्र्याक्टर र २५ कृषकलाई प्लाष्टिक टनेलमा ५० प्रतिशतको दरले अनुदान दिएको वडा कार्यालयले जनाएको छ। गाउँघरमा गोरु पाल्ने चलन हराएर जान थालेको र खेतबारी जोत्न समस्या भएको अवस्थामा वडा कार्यालयले अनुदानमा हाते ट्र्याक्टर दिएपछि राहत मिलेको रघुगङ्गा गाउँपालिका-३ मौवाफाँटका कृषक सुरतबहादुर चन्दले बताए।

'गोरु पाल्नै छाडे, हलो जुवा बनाउने सीप पनि हराएर जान थालेको छ, महिलाहरूले समेत जोत्न मिल्ने भएकाले हाते ट्र्याक्टर उपयोगी छ, हिउँदे र बर्खे खेती लगाउन हाते ट्र्याक्टरबाट सहज हुन्छ', उनले भने। म्याग्दीमा पछिल्लो समय खेती किसानीको काममा परम्परागत रूपमा गोरुले खेतबारी जोत्ने चलन हराएको छ भने हाते ट्र्याक्टरलगायतका यान्त्रिक उपकरणको प्रयोग बढ्दो छ।

हाते ट्र्याक्टरले छोटो समयमा धेरै खेतबारी जोत्न सकिने भएकाले समयको बचत हुने र गोरु पाल्नुपर्ने झन्झट नहुने पिप्लेका कृषक प्रकाश शर्माले बताए। सडक सञ्जालको पहुँच विस्तार भएसँगै जिल्लाको ग्रामीण भेगमा खेतबारी जोत्ने काममा हाते ट्र्याक्टरको प्रयोग बढ्दै गएको छ।

साउदर्न एयरलाइन्सले थप्यो उडान

काठमाडौं (प्रस)– चीनको चाइना साउदर्न एयरलाइन्सले नेपालमा उडान संख्या थपेको छ। हाल चीनको ग्वान्जाओ-काठमाडौं रुटमा हरेक दिन एउटा उडान गरिरहेको एयरलाइन्सले दैनिक दुईवटा उडान सुरु गरेको हो।

उक्त अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले चाइना साउदर्न एयरलाइन्सका प्रतिनिधिलाई शुक्रबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरे। मन्त्री तामाङ र चाइना साउदर्न एयरलाइन्सको नेपालस्थित प्रतिनिधिले चीनको ग्वान्जाओबाट काठमाडौं उडानको आधिकारिक थप उडानको क्याबिन क्रूहरूलाई विमानस्थलमा स्वागत गरेका थिए।

मन्त्री तामाङले आगामी दिनमा चाइना साउदर्न एयरलाइन्सको व्यावसायिक उडान थप विश्वासिलो, सुरक्षित बनाउन अझै प्रभावकारिता अभिवृद्धि गर्दै पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास व्यक्त गरे।

विमानस्थलका प्रवक्ता सुवास झाका अनुसार चाइना साउदर्न एयरलाइन्सको जहाज दिउँसो काठमाडौं विमानस्थलमा अवतरण भई यहाँबाट यात्रु लिएर ग्वान्जाओका लागि उडान भरेको थियो। उक्त एयरलाइन्सले कोभिड-१९ महामारीपूर्व नेपालमा दैनिक दुई उडान गर्दै आएकामा त्यसयता एउटा उडान कटौती गरेको थियो। कटौती भएको उडान आजदेखि पुनः सञ्चालन गरेको हो।

ग्वान्जाओबाट काठमाडौं दिउँसो २ बजे अवतरण हुने जहाज काठमाडौंबाट ३ बजे ग्वान्जाओका लागि उडान भर्ने तालिका छ। त्यस्तै हरेक रात ११ बजे काठमाडौं अवतरण हुने र राति १२ बजे ग्वाञ्जाओका लागि उडान गर्ने तालिका रहेको विमानस्थल कार्यालयले जनाएको छ। योसहित चीनका चार एयरलाइन्सले काठमाडौं गन्तव्यमा उडान गर्दै आएका छन्। एयर चाइना, चाइना साउदर्न एयरलाइन्स, चाइना इन्टर्न एयरलाइन्स र सिचुवान एयरलाइन्सले नेपालमा उडान गर्छन्। चीनबाट उडान बढेसँगै चिनियाँ पर्यटक आगमन बढ्ने विश्वास लिइएको छ।

नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले पनि कोभिड-१९ अघि चीनको ग्वान्जाओमा उडानको तयारी गरे पनि महामारीका कारण रोकिएको थियो। नेपालको पर्यटन बजारका लागि चीन भारतपछिको दोस्रो ठूलो गन्तव्य हो।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ